# प्रभाव दैनिक
National Daily

वर्ष १०   अंक २७६   काठमाडौं   आइतबार, २१ माघ २०८०   Prabhab National Daily   Sunday, February 4, 2024   www.prabhabonline.com   पृष्ठ ८   मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेशन प्रा.लि.
सिफल-७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


इलाम-२ मा उपनिर्वाचन

## नयाँ नेताबीच टक्कर !


सुहाङ नेम्बाङ


मिलन लिम्बू

- एमालेबाट स्व. सुवासचन्द्र नेम्बाङका छोरा सुहाङ बलिया आकांक्षी
- पत्रकार मिलन लिम्बू रास्वपाबाट उम्मेदवार चर्चा
- गठबन्धनबाट कांग्रेसका डम्बर खतिवडा उम्मेदवार बन्ने सम्भावना
- पहिचानवादीहरु युवा नेतालाई नै उम्मेदवार बनाउने तरखरमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** गत भदौमा संविधानसभा अध्यक्षसमेत भइसकेका प्रतिनिधिसभा सदस्य सुवासचन्द्र नेम्बाङको निधनपछि इलाम-२ रिक्त छ। रिक्त निर्वाचन क्षेत्रमा उपनिर्वाचन गर्ने तयारीमा निर्वाचन आयोग लागेको छ। तर, मिति भने टुंगो लागिसकेको छैन। आयोगका अनुसार उपनिर्वाचनको मिति सरकारलाई सिफारिस गर्ने तयारी भइरहेको छ।

यहीबेला नेकपा एमालेले भने दिवंगत नेता नेम्बाङकै कान्छो छोरा सुहाङलाई उपनिर्वाचनमा उम्मेदवार बनाउने तयारी गरेको छ। उनी अधिवक्ता हुन्। अध्यक्ष केपी शर्मा ओलीसमेत उनलाई टिकट दिन सकारात्मक छन्।

फेरि, एमालेमा कुनै नेताको निधन भए उनकै परिवारका सदस्यलाई उम्मेदवार बनाउने थिति नै बसेको छ। यसले गर्दा पनि सुवासको क्षेत्रमा छोरा सुहाङ उम्मेदवार बन्ने सम्भावना बलियो छ। बुबा (सुवास)को श्रद्धाञ्जलीसभालाई इलाममा सम्बोधन गर्ने क्रममा उनले बुबाको सपना पूरा गर्न चाहेको र साथ पाउने आशा राखेको पनि बताएका थिए। उनको यो अभिव्यक्तिले पनि उनी उपनिर्वाचनमा उम्मेदवार हुन चाहेको प्रस्ट पारेको छ।

तर, एमालेकै इलाम-२ का कतिपय नेताहरू सुहाङलाई टिकट दिन हुँदैन भनेर कस्सिएर लागेका छन्। सुवासका कारण २५ वर्ष अवसर नपाएको र यदि सुहाङले टिकट पाएर चुनाव जिते थप तीन दशक अवसर नपाउने चिन्ता उनीहरूमा छ। सुहाङको राजनीतिक तथा सामाजिक योगदान पनि चुनाव क्षेत्रमा नभएकाले उनलाई टिकट दिन नहुने उनीहरूको मत छ।

यसरी एमालेकै एकथरी नेता कार्यकर्ताहरू सुहाङको टिकट रोक्न चाहिरहँदा इलाम-२ मा पत्रकार मिलन लिम्बू चुनावी मैदानमा उत्रिने तयारीमा छन्। उनी त्यही क्षेत्रका स्थानीय हुन्। विभिन्न टेलिभिजन हुँदै हाल दृष्टि साप्ताहिकका सम्पादक लिम्बू रवि लामिछाने नेतृत्वको दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट चुनाव लड्ने तयारीमा रहेको चर्चा छ।

(क्रमशः पृष्ठ २ मा)

# रुसमा आफन्त बेपत्ता परिवारमा रुवाबासी


गाह्रो छ बहिनी, आउन सक्छु कि सक्दिनँ भन्नुभएको छ। सरकारले उद्धार गरे हुने।

■ **शीला राई**, खोटाङ


भोलिदेखि युद्धमा जाँदै छु, मर्ने बाँच्ने टुंगो हुँदैन। बालबच्चा राम्रोसँग हेर्नू भन्नुभएको थियो।

■ **बुद्धिमाया तामाङ**, ललितपुर



जीवितै हुनुहुन्छ कि कस्तो हुनुहुन्छ, थाहा छैन।


■ **मीममाया तामाङ**, काभ्रे



रूस-युक्रेनबीच युद्ध भइरहेको छ। त्यहाँ हामीलाई लड्न पठाइँदै छ। जतिबेला पनि ज्यान जानसक्छ, मर्ने बाँच्ने टुंगो हुँदैन भन्नुभएको थियो।

■ **टीना घिमिरे**, उदयपुर


बुद्धसिंह तामाङ


रविन राई


पदम घिमिरे


सोमबहादुर तामाङ

■ जेबी योञ्जन

**काठमाडौं–** 'म अर्को क्याम्पमा जाँदै छु। त्यहाँदेखि लडाइँमा पठाउँछ। फर्कें भने फोन गर्छु। चिन्ता नलिनू है,' माघ ४ गतेको दिन ह्वाट्सएपमा कल गरेर श्रीमान् बुद्धसिंह तामाङले भनेको सुनाउँछिन् कानपुर, काभ्रेकी मीममाया तामाङ।

बुद्धसिंहले चिन्ता नलिनू भने पनि मीममाया त्यही दिनदेखि चिन्तित छिन्। किनभने त्यसपछि १५औं दिनसम्म कल आएको छैन। कल गर्दा लाग्दैन पनि। यसले गर्दा मीममाया पिरमा छिन्।

'जीवितै हुनुहुन्छ कि कस्तो हुनुहुन्छ ? थाहा छैन,' आँसु पुछ्दै प्रभावसँग भनिन्।

गत २९ असोजमा बुद्धसिंह एजेन्टमार्फत रुस गएका हुन्। मीममायाका अनुसार रुस जान आठ लाख रूपैयाँ बुझाइएको थियो। त्यसरी रुस पुगेपछि रुसी सेनामा भर्ती भएको तस्बिर मीममायाको ह्वाट्सएपमा पठाएका थिए। यसबीचमा उनीहरूबीच बेलामौकामा कुराकानी हुन्थ्यो। अहिले दुई सातादेखि बुद्धसिंह सम्पर्कमै छैनन्। सम्झना आउँदा त्यही तस्बिर हेरेर रुन्छिन्, मीममाया।

कहिले कल आउला भनेर पर्खाइमा छिन्। बुद्धिसिंहको कल छिटो आओस् भन्ने उनको प्रार्थना छ। तर, उनको मनमा झस्को पनि छ। त्यो हो- सम्पर्कमा नआएकाहरू प्रायः लडाइँमा मरिसकेका हुन्छन्। यस्तो नहोस् भन्ने उनको कामना छ।

'अस्ती एकपटक दुई लाख ५० हजार पठाउनुभयो। त्यसपछि छैन,' उनले भनिन्, 'कुरा हुँदा यहाँ साह्रै गाह्रो छ बाँच्न भन्नुहुन्थ्यो। एकपटक भागेको तर रुसी सेनाले पक्राउ गऱ्यो भन्नुहुन्थ्यो। त्यसपछि बेस्सरी कुट्यो भनेर सुनाउनुभयो। अहिले त सम्पर्कमै छैन।'

मीममाया र बुद्धसिंहको घर काभ्रेको कानपुर हो। कोरोनाकालअघिसम्म काठमाडौंमै उनीहरूको फलाम उद्योग थियो। कोरोनाले व्यापार ठप्प भएपछि उद्योग बेचे। त्यसपछि ज्याला मजदुरी गर्दै आएका बुद्धसिंह एजेन्टको प्रलोभनमा लागेर रुस पुगेका हुन्। अहिले उनको अत्तोपत्तो छैन। यता मीममाया र उनको परिवारमा रुवावासी छ। उनले सरकारसँग बिन्ती गर्दै भनिन्, 'सरकार ! मेरो श्रीमान्लाई सकुशल फर्काइदेऊ।'

मीममायाको जस्तै ललितपुरकी बुद्धिमाया ब्रामु तामाङको पनि श्रीमान् सोमबहादुर रुसमा बेपत्ता भएदेखि आँखा ओभाएको छैन। माघ ९ गतेदेखि सोमबहादुर सम्पर्कमा छैनन्। ३५ वर्षका उनी नेपालमा हुँदा ज्याला मजदुरी नै गर्थे। तर, गत वर्षमासको एक दिन साथी राकेशले सोमलाई रुसमा मासिक साढे तीन लाख रूपैयाँ कमाइ हुन्छ भने। दायाँबायाँ केही नसोचि एजेन्टमार्फत उनी दुबाई हुँदै रुस गए। त्यहाँ दुई हप्ताको तालिम सकेपछि युद्ध लड्न युक्रेन पठाउन लागेको ह्वाट्सएपमा सुनाएका थिए।

'भोलिदेखि युद्धमा जाँदै छु। मर्ने बाँच्ने टुंगो हुँदैन। बालबच्चा राम्रोसँग हेर्नू,' सोमले यही माघ गतेको दिन भनेको बुद्धिमायालाई सम्झना छ। यसपछि श्रीमान्सँग उनको सम्पर्क टुटेको छ।

(क्रमशः पृष्ठ २ मा)

**रुसबाट भागेर फर्किएका सुमन राई भन्छन्–**

### रूसी सेनामा १४–१५ हजार नेपाली छन्



रेडजोनमा हामी (नेपाली) नै जाने हो। युक्रेनी सेनाहरू क्याम्प लिएर पहिल्यै बसेका हुन्छन्। नापी नापी हामीलाई हान्छन्। हामी लुक्दै भाग्दै गर्नुपर्छ झारमा। हामी त बाँच्ने चान्स शून्य छ। युद्धको मैदानमा हामी जाने हो। धेरै नेपाली मरिरहेका छन्। त्यो बाहिर आएको छैन। तर, चार-पाँच सय जना नेपाली मरिसकेको

(क्रमशः पृष्ठ २ मा)

सन्दर्भ: वैदेशिक रोजगार

# कोरियाको 'इ-सेभेन' भिसामा नेपाली श्रमिक माग

■ प्रभाव संवाददाता




**काठमाडौं–** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगारीका लागि आकर्षक गन्तव्य रहेको दक्षिण कोरियाले इ-सेभेन भिसामा नेपाली श्रमिक लैजाने प्रस्ताव गरेको बताएको छ। कोरियाबाट निश्चित क्षेत्रमा विशेषज्ञता वा सीप हासिल गरेका श्रमिकलाई इ-सेभेन भिसामा लैजान प्रस्ताव आएको मन्त्रालयले उल्लेख गरेको छ।

कोरियाले उक्त भिसामा श्रमिक लैजाने प्रस्ताव गरे पनि कसरी पठाउने भन्नेमा निर्क्योल भइनसकेको मन्त्रालयका एक उच्च अधिकारीले जानकारी दिए। उनका अनुसार रोजगार अनुमति प्रणाली (इपिएस)मार्फत नेपाली श्रमिक कोरिया गइरहेको अवस्थामा दक्ष जनशक्तिलाई कुन विधिबाट पठाउने भन्नेमा छलफल भइरहेको छ।

अदक्ष श्रमिक इपिएसमार्फत पठाउँदै आए पनि दक्ष श्रमिक इजाजतपत्र प्राप्त संस्था (म्यानपावर)बाट पठाउन पाउनुपर्ने वैदेशिक रोजगार व्यवसायीहरूले माग गर्दै आएका छन्। व्यवसायीहरूले माग गरेकै कारण सरकार आफैंले इ-सेभेन भिसामा श्रमिक पठाउनेसम्बन्धमा निर्णय गर्न नसकेको ती अधिकारीले बताए। कोरियामा इ-सेभेन भिसामा आफूहरूले श्रमिक पठाउन पाउनुपर्ने माग राख्दै दबाबस्वरूप व्यवसायीहरूले दुई हप्ताअघि मात्रै श्रमसचिव केवलप्रसाद भण्डारीलाई १९ बुँदे मागपत्र बुझाएका थिए।

इपिएस स्रोत मुलुकबाटै इ-सेभेन भिसामा श्रमिक लैजाने जानकारी दिंदै नेपालबाट पनि सोहीअनुरूप व्यवस्था मिलाउन कोरियाली पक्षले आग्रह गरेको पनि ती अधिकारीले बताए। 'इ-सेभेन भिसामा जानेहरूको न्यूनतम पारिश्रमिक पनि इपिएसबाट जानेको भन्दा बढी नै हुने भएकाले यसका व्यवसायीहरूको स्वार्थ जोडिएको छ,' ती अधिकारीले भने, 'यसमा मन्त्रालयले कुनै निर्णय गर्न सकेको छैन, तर म्यानपावर कम्पनीमार्फत नै पठाउन माथिल्लो तहबाटै दबाब आइरहेको छ।'

मन्त्रालयले यस विषयलाई छिट्टै नटुंग्याए इ-सेभेन भिसामा आएको श्रमिकको माग गुम्नसक्ने पनि ती अधिकारीको भनाइ छ। मन्त्रालयका केही अधिकारीहरूले कोरियाले इ-सेभेन भिसामा निजी क्षेत्रमार्फत श्रमिक लैजाने गरेको बताउँदै यसको जिम्मेवारी म्यानपावरलाई दिनुपर्ने लबिङ गरिरहेको बताएका छन्।

कोरियाले पछिल्लो समय ठूलो संख्यामा दक्ष आप्रवासी श्रमिकको अभाव हुँदै गएको कारण नेपालबाट मात्रै नभई सबै स्रोत मुलुकबाट इ-सेभेन भिसामा श्रमिक लैजाने प्रक्रिया अघि बढाएको मन्त्रालयका सहसचिव एवं प्रवक्ता राजिव पोखरेलले बताए। व्यवसायीले इ-सेभेन भिसामा आफूहरूले श्रमिक पठाउन पाउनुपर्ने माग राखे पनि सकेसम्म सरकार आफैंले पठाउने विषयमा छलफल भइरहेको उनले जानकारी दिए।

### लघुबिमामा पनि वैदेशिक रोजगार बिमालेख सेवा

**काठमाडौं (प्रस)–** सरकारले लघुबिमा क्षेत्रको दायरा फराकिलो बनाउँदै वैदेशिक रोजगारसम्बन्धी बिमालेख जारी गर्न सक्ने बाटो खोलेको छ। नेपाल बिमा प्राधिकरणले लघुबिमा निर्देशन २०८० संशोधन गर्दै लघु जीवन बिमा कम्पनीहरूलाई वैदेशिक रोजगार म्यादी बिमालेख बिक्री गर्ने बाटो खुला गरेको हो।

प्राधिकरणले लघु बिमा निर्देशन २०८० को दफा २० मा उपदफा ४ थप्दै वैदेशिक रोजगारसम्बन्धी बिमालेख बिक्री गर्न पाउने व्यवस्था गरेको हो। यो व्यवस्थाले वैदेशिक रोजगारीमा श्रम स्वीकृति लिएर जाने श्रमिकका लागि म्यादी जीवन बिमालेख बिक्री गर्दै आएका जीवन बिमा कम्पनीहरूको एकाधिकार तोडिएको छ। यसअघि जीवन बिमा कम्पनीहरूले मात्रै लघु बिमालेख बिक्री गर्दै आएका थिए।

सरकारले २०७३ सालबाट वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको वैदेशिक रोजगारसम्बन्धी म्यादी बिमालेख जारी गर्ने व्यवस्था गरेको छ। प्राधिकरणले ल्याएको संशोधन निर्देशन २०८० अनुसार अब लघु जीवन बिमा कम्पनीहरूले पनि जीवन बिमा कम्पनीसरह नै विदेशमा काम गर्न जाने श्रमिकहरूका लागि म्यादी बिमालेख जारी गर्न पाउने छन्।

बिमा व्यवसाय विस्तार गर्न र छिटो तथा सरल तरिकाले सेवाग्राहीलाई बिमालेख प्राप्त गर्न सजिलो होस् भन्ने अभिप्रायले लघु जीवन बिमा कम्पनीहरूलाई पनि म्यादी जीवन बिमालेख बिक्री गर्न पाउने व्यवस्था गरिएको प्राधिकरणले जनाएको छ।


जनहितमा जारी सन्देश

**जाडोमा आगो ताप्दा, हिटर चलाउँदा वा गिजरको प्रयोग गर्दा अपनाउनु पर्ने सावधानीहरु**

जाडो याममा शरीर वा कोठालाई न्यानो बनाइराख्न आगो ताप्ने, हिटर बाल्ने, गिजरको प्रयोग गर्ने लगायतका उपायहरु गरिए पनि पर्याप्त सावधानी नअपनाउँदा अप्रिय घटनाहरु हुने गरेका छन्। त्यसैले त्यस्ता कार्य गर्दा सावधानीका निम्न उपायहरु अपनाऔं:

- हावा ओहोरदोहोर हुने ठाउँ वा कोठामा मात्र आगो ताप्ने, हिटर बाल्ने वा गिजर प्रयोग गर्ने
- कोइलाजन्य स्रोतबाट सकेसम्म आगो नतापौं
- आगो ताप्दा वा हिटर बाल्दा कागज, कपडा जस्ता छिटो जल्ने खालका सामाग्री नजिकै नराखौं
- आगो तापिसकेपछि त्यसलाई पूर्ण रूपमा निभाउने गरौं
- हिटरको प्रयोग गर्दा समय-समयमा चलिरहेको हिटरलाई बन्द गर्ने गरौं
- सुत्नुअघि अनिवार्य रूपमा हिटर बन्द गरौं
- गिजरको मुख्य मेसिनलाई बाथरुम बाहिर खुला ठाउँमा जडान गरौं
- गिजर खोलेर लामो समयसम्म बाथरूममा बस्ने नगरौं
- गिजर प्रयोग गरेर नुहाउँदा संभव भएसम्म बाथरूमको झ्याल बन्द नगरौं

प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा-७, सिफल, काठमाडौं

# वर्गीकरण गरेको फोहोर छुट्टै संकलन गर्दै कामपा







तस्बिरः कमपाको वेबसाइटबाट

■ प्रभाव संवाददाता

**काठमाडौं-** काठमाडौं महानगरपालिकाले स्रोतमा वर्गीकरण गरिएको फोहोर छुट्टै संकलन गर्ने अभियान सुरु गरेको छ । यसका लागि महानगरपालिकाले रङ संकेतसहितको गाडी तयार पारेको छ । फोहोर उत्पादन भएकै ठाउँमा (कुहिने र नकुहिने) छुटचाउने र छुट्टिएको फोहोर छुट्टै संकलन, ढुवानी तथा व्यवस्थापन गर्ने कार्यक्रम कार्यान्वयनका लागि गाडीको व्यवस्था गरिएको महानगरका वातावरण व्यवस्थापन विभाग प्रमुख रविनमान श्रेष्ठले जानकारी दिए ।

उनकाअनुसार ३.५ क्युविक मिटर क्षमता भएको गाडीको बीचबाट दुई खण्ड बनाइएको छ । हरेक खण्ड (कोठा) १.५ क्युविक मिटर क्षमताका छन् । ती कोठाको पछाडि र बीचमा गरी दुईवटा ढोका छन् । यसमध्ये बीचमा राखिएको ढोकाबाट फोहोर संकलन गरिन्छ ।

बाहिरबाट हेर्दा गाडी दुई रङको देखिन्छ । कुहिने फोहोर संकलन गरिने कोठातिर हरियो छ भने नकुहिने तथा अन्य फोहोर संकलन गरिने कोठातिर नीलो रङ राखिएको छ । श्रेष्ठका अनुसार कुहिने फोहोर संकलन हुने कोठामा करिब एक हजार ५०० किलो फोहोर संकलन गर्न सकिन्छ । नकुहिने फोहोरको आकार ठूलो देखिए पनि तौल कम हुन सक्छ । त्यसैले यसमा चाहिँ सामानको प्रकृति हेरेर मात्र तौल अनुमान गर्न सकिन्छ ।

**वडा नं. २७ बाट नमूना कार्यक्रम**

महानगरले फोहोर वर्गीकरणको नमूना कार्यक्रम वडा नं. २७ बाट कार्यान्वयन गर्ने तयारी थालेको छ । यस क्रममा शनिबार सचेतनामूलक प्रभातफेरी निकालिएको छ । वडाका जनप्रतिनिधि, सहरी योजना आयोगका सदस्य तथा पदाधिकारी, कर्मचारी, नगर प्रहरी, स्थानीय क्लव तथा टोल सुधार समितिका पदाधिकारीसहितको प्रभातफेरीले कमलाछी, असन, तँलाछि, ज्याथा, ठमेल, जमल, ग्वसिँफलगायतका स्थानमा पुगेर घरदैलो कार्यक्रम गरेको थियो । यस क्रममा भेटिएका स्थानीयले महानगरपालिकाको कार्यक्रमको प्रशंसा गर्दै आफूहरूले छुटचाएर मात्र फोहोर बाहिर निकाल्ने दायित्व पूरा गर्ने बताए ।

'घरघरमा पुगेर फोहोर छुटचाउने विधि सिकाउँछौं । फोहोर संकलन गर्न जाने कर्मचारीलाई छुट्टिएको फोहोर गाडीमा राख्ने प्रभावकारी तरिका सिकाउँछौं,' वडाध्यक्ष योगेश खड्गीले भने, 'वडाबासीबाट सकारात्मक प्रतिक्रिया पाएका छौं । सहभागिताका लागि उहाँहरू इच्छुक हुनुहुन्छ । यी सबै कारणले कार्यक्रम सफल हुन्छ ।'

आउँदो एक हप्ता वडामा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, छुटचाइएको फोहोरको नमूना संकलन गर्ने अभ्यास गरिने उनले बताए । यसपछि कार्यक्रम पूर्ण कार्यान्वयनमा ल्याइने छ ।

'यो वडाको कार्यक्रम सफल बनाएर वडा नं. १२, ५, ६ लगायत वडामा विस्तार गर्दै लगिने छ,' वातावरण व्यवस्थापन विभाग प्रमुख श्रेष्ठले भने ।

## कसरी गर्ने फोहोर वर्गीकरण

भान्सामा कुहिने र नकुहिने गरी दुई खालको फोहोर जम्मा हुन्छ । कुहिनेलाई छुट्टै र नकुहिनेलाई छुट्टै भाँडामा राख्नु वर्गीकरण हो । नकुहिने फोहोर उत्पादक आफैंले बेच्न सक्छन् । कुहिने फोहोर उत्पादकले नै मल बनाउन सकिन्छ । मल बनाउन सकिएन भने कामपाबाट फोहोर संकलन गर्न आएको सवारीसाधनमा राखेर पठाउन सकिन्छ ।

तरकारी (साग सब्जी), बढी भएको खानेकुरा, माछा मासु, हड्डी, अण्डा, चियाको छोक्रा, फलफूलका बोक्रा, खानेकुरा केलाउँदा आएको वस्तु, रुखका पात कुहिने फोहोर हुन् । यस्तै प्लास्टिक, सिसा, कागज, कपडा, जुत्ता, सामान प्याक भएर आएका सामान, काठ, रबर, सिमेन्टको ब्याग, बोतल, फलाम आदि नकुहिने फोहोर हुन् ।

यससँगै स्यानिटरी प्याड, डाइपर, विषादीको खाली बोतल, म्याद नाघेका औषधि, मास्क, व्यक्तिगत सुरक्षा पोसाक (पिपिई), पञ्जा, फुटेका सिसा, घरआँगन बढार्दा आएको धुलो तथा माटो पनि फोहोरका रूपमा संकलन हुन्छ । हिजोआज सहरी क्षेत्रमा स्यानिटरी प्याडभन्दा औषधि र डाइपरजन्य फोहोरको मात्रा बढ्दै गएको छ ।

यस्तो फोहोर कुहिने र नकुहिने भाँडामा नराखी अर्को छुट्टैमा राख्नुपर्छ । फोहोरलाई आवश्यकता हेरी छुट्टाछुट्टै भाँडामा राख्नु वर्गीकरण हो । वर्गीकरणका फोहोर व्यवस्थापन गर्न विभागले सोहीअनुसारको गाडीको व्यवस्था गरिरहेको छ ।

# छ महिनामा ३९ हजार चालकमाथि मापसे कारबाही

**काठमाडौं (प्रस)-** नेपाल प्रहरीले गत छ महिनामा मादकपदार्थ सेवन (मापसे) गरी सवारी चलाउने ३९ हजार २७२ चालकलाई कारबाही गरेको छ । सोही अवधिमा लागुपदार्थ सेवन (लापसे) गरी सवारी चलाउने २४२ चालक पनि कारबाहीमा परेका छन् । नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता एवं प्रहरी नायव महानिरीक्षक भीमप्रसाद ढकालले मापसेविरुद्धको कारबाहीबाट चार करोड रूपैयाँ राजस्व संकलन भएको जानकारी दिए । यात्रु, सवारी र सडकलाई सुरक्षित बनाउँदै गन्तव्यमा पुऱ्याउन तथा दुर्घटना न्यूनीकरण गर्न मापसे तथा लापसे जाँचलाई प्राथमिकता दिँदै आइएको उनले बताए ।

लामो दूरीको यात्राका क्रममा मापसे गरी सवारीसाधन चलाउने प्रवृत्तिले आकस्मिक र गम्भीर दुर्घटना निम्त्याउने गरेको तथ्यांकले देखाएको छ । सिसिटिभीको पहुँच न्यून र सीमित ठाउँमा मात्र ट्राफिक प्रहरीको उपस्थितिका कारण मापसे गरी सवारी चलाउने प्रवृत्ति बढ्दो रहेको प्रहरीको निष्कर्ष छ । त्यस्तो प्रवृत्तिलाई निरूत्साहित गर्दै मापसे र लापसे नियन्त्रणलाई प्रभावकारी बनाउन प्रहरीले विभिन्न समयमा विविध नीति लागू गरी कार्यान्वयन गर्दै आएको छ ।

'दुर्घटनाबाट आफ्नो र यात्रुको ज्यान बचाउनका लागि प्रत्येक चालकले सही अवस्थामा सवारीसाधन चलाउनुपर्छ । यो कुरालाई स्थानीयस्तरमा सबै नागरिकले बुझ्न र पालना गर्न आवश्यक छ,' प्रहरीका केन्द्रीय प्रवक्ता ढकालले भने ।

चालु आर्थिक वर्षको छ महिनामा मापसे गरी सवारी चलाउने काठमाडौं उपत्यकामा १८ हजार ६२७, कोशी प्रदेशमा दुई हजार ५२४, मधेसमा दुई हजार २१, बागमतीमा एक हजार ९८, गण्डकीमा आठ हजार ९२३, लुम्बिनीमा दुई हजार ७७३, कर्णालीमा एक हजार २६४ र सुदूरपश्चिम प्रदेशमा दुई हजार ४२ जना कारबाहीमा परेका उनले जानकारी दिए ।

काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक राजेन्द्रप्रसाद भट्टले उपत्यकाका धेरै ठाउँमा सवारीसाधन जाँच गर्ने, लापसे सेवनमा मुद्दा चलाउने गरेकाले पछिल्लो समयमा चालक सजग र सचेत हुन थालेका बताए । उनका अनुसार उक्त कारबाही अभियानमा काठमाडौं उपत्यकामा एक करोड ८६ लाख २७ हजार रूपैयाँ, कोशी प्रदेशमा २५ लाख ३९ हजार ५०० रूपैयाँ, मधेसमा २० लाख ४२ हजार ५००, बागमतीमा ११ लाख १७ हजार, गण्डकीमा ९५ लाख ६८ हजार, लुम्बिनीमा २७ लाख ७३ हजार, कर्णालीमा १२ लाख ६० हजार र सुदूरपश्चिम प्रदेशमा २० लाख ४२ हजार रूपैयाँ राजस्व संकलन भएको छ ।

पृष्ठ १ बाट क्रमशः

## नयाँ नेताबीच...

उनले भने यसबारे खुलस्त पारेका छैनन् । उनी हाल सत्तारूढ दल नेकपा माओवादी केन्द्रनिकट छन् ।

प्रभावसँग उनले भने, 'चुनाव लड्ने हो । चुनावी तयारीमा लागी नै सकेँ । हेरौं, के हुन्छ ? टिकटबारे निर्वाचन मिति घोषणापछि थाहा होला तर म चुनाव लडेर इलाम-२ बाट प्रतिनिधिसभामा आउने छु ।'

सत्ता गठबन्धनबाट कांग्रेस नेता डम्बर खड्का उम्मेदवार हुने सम्भावना छ । यसअघि उनी सुवाससँग झिनो मतान्तरले पराजित भएका थिए । त्यही भएर यसपटक पनि खड्का उम्मेदवार बन्न सक्ने अवस्था देखिएको छ ।

कांग्रेसबाट नेता भेषराज आचार्यसहितका नेताहरू पनि आकांक्षी छन् । नेकपा एकीकृत समाजवादीका सम्मानित नेता झलनाथ खनाल पनि एमाले फर्किएर उम्मेदवार हुने गाइँगुइँ चर्चा छ । हुन पनि उनी एमालेसँग पार्टीलाई एकता प्रक्रियामा लैजानुपर्छ भन्ने नेता हुन् । उनीनिकट युवा नेता सञ्जीव राईले खनाल एमालेमा नजाने र उम्मेदवार पनि नहुने बताए ।

पहिचानवादीहरूले पनि त्यहाँ युवा नेतालाई उम्मेदवार बनाउन खोजिरहेका छन् । तर, हालसम्म टुंगो लागेको छैन । यद्यपि, विकसित चुनावी माहोलका आधारमा भन्ने हो भने यहाँ युवा नेताहरू सुहाङ, लिम्बू, खड्कालगायतबीच आपसमा टक्कर हुने छाँट देखिएको छ ।

२०५६ यता लगातार यहाँदेखि सुवास नेम्बाङ सांसद भइरहे । त्यसअघि उनी दुईपटक राष्ट्रिय सभा सदस्य थिए । पटक-पटक संविधानसभा अध्यक्ष भएका उनको गत भदौमा निधन भएपछि उक्त चुनाव क्षेत्र रिक्त छ । रिक्त क्षेत्रमा हुन लागेको चुनावमा युवा नेताहरू चुनावी मैदानमा उत्रिन तरखरमा रहेको देखिएको छ ।

## रूसी सेनामा...

हुनुपर्छ । एउटा क्याम्पमा ३०० जना रहेकामा ७० जना र त्यसपछि ३५ जना हुँदै नौ जनासम्म बाँचेको कुरा युक्रेनमा हुँदै त्यो क्याम्पमा भएको दाजुले मलाई भन्नुभयो । त्यसपछि घर फर्किने मन भयो । तर, फर्किन सक्ने अवस्था थिएन । मेरो तालिम रुसभित्रै थियो ।

एक हप्ताभित्रै लडाइँमा लाँदै थियो । मस्कोदेखि आठ घण्टा गाडीमै लाग्ने ठाउँमा थिएँ । आउन सक्ने थिइनँ तर स्याङ्जाको एकजना क्षेत्री दाई मेरो लागि भगवान् हुनुभयो । त्यहाँ चार वर्षदेखि बस्नुभएको रहेछ, रसियन भाषा बुझ्ने र बोल्ने । उहाँले झण्डै मेरो तीन लाख रूपैयाँ एजेन्टलाई बुझाएर सुरक्षित साथ भगाउनुभयो । अहिले यहाँ (देश) आइपुगेको छु । त्यहाँ (रुसमा) धेरै गाह्रो छ । दुबाई, कतारतिर रहेका नेपाली पनि त्यहाँ छन् । मलाई लाग्छ, त्यहाँ १४-१५ हजार जना नेपाली रुसी सेनामा छन् ।

*(रुसबाट फर्किएका राईसँग गरिएको कुराकानीमा आधारित । उनी खोटाङका हुन् ।)*

पृष्ठ १ बाट क्रमशः

## रूसमा बेपत्ता...

उनी अत्तालिएकी छन् । निरास पनि छिन् । 'श्रीमान्को केही खबर नआएपछि मन आत्तिएको छ । मलाई रातमा निद्रा छैन,' उनले भनिन्, 'युद्ध लड्नुपर्ला भन्ने थाहा पाएको भए किन पो जान दिने थिएँ र !'

उनी आफ्ना श्रीमान् सम्पर्कविहीन भएपछि सरकारलाई गुहारिरहेकी छन् । कहिले उनी परराष्ट्र मन्त्रालय त कहिले काठमाडौंस्थित रूसी दूतावास पुग्छिन् । तर, कहीँबाट आफ्नो श्रीमान्को अवस्था थाहा पाउन सकेकी छैनन् । उद्धारको कुरा त परै जाओस् । उनले गुनासो पोख्दै भनिन्, 'आफ्नो नागरिक परदेशमा हराउँदा सरकारले वास्ता गरेको छैन । संकटमा आफ्नो नागरिकलाई न हेर्ने सरकार हामीलाई किन चाहियो ?' सोम र बुद्धिमायाका १५ वर्षीया एक छोरी र आठ वर्षका एक छोरा छन् ।

खोटाङकी शीला राई दाजु रविन रुसी सेनाको तर्फबाट युक्रेनी भूमिमा लडाइँ लड्ने क्रममा गम्भीर घाइते भएकोले उनलाई नेपाल झिकाउन गुहार मागिरहेकी छन् । अडियो सन्देशमा धेरै गाह्रो अवस्था रहेको र आउन सक्छु कि सक्दिनँ भन्ने गरेको बताइन् । 'दाजु रुस जानुभएको पाँच महिना नाघ्यो । अहिले घाइते भएर अस्पतालमा २२ दिनदेखि उपचाररत हुनुहुन्छ,' उनले भनिन्, 'उहाँले गाह्रो छ बहिनी, आउन सक्छु कि सक्दिनँ भन्नुभएको छ । अडियो कलमा कुरा हुन्छ । भिडियोमा हेर्न पनि पाएको छैन । सरकारले उद्धार गरे हुने ।'

टिकटकमा रविनको मिस्टर पुमा नामको अकान्ट छ । उनी युक्रेनमा लडाइँ लड्ने क्रममा घाइते हुनुभन्दा अघि टिकटकमा भिडियो बनाउँथे । उनका केही भिडियो भाइरल थिए । यतिबेला भने उनी अस्पतालको शयचामा घाइते अवस्थामा रहेको बहिनी शीलाले आँसु झार्दै भनिन् ।

उदयपुरको बसाहका पदम घिमिरे त झन् दुई महिनादेखि सम्पर्कमै छैनन् । पूर्वनेपाली सेना उनी सेवा निवृत्त भएलगत्तै एजेन्टको कुरा सुनेर रुसी आर्मीमा भर्तीका लागि गएका थिए । श्रीमती टीनाका अनुसार एजेन्टले त्यसबेला मासिक साढे तीन लाख रूपैयाँ तलब हुने भनेका थिए ।

गएको एक वर्षपछि पिआर पाइने र परिवार पनि लैजान मिल्ने पनि भनेका थिए । एजेन्टको यस्तो कुरा सुनेर लोभिएका पदम गत असोजमा दुबाई ट्राञ्जिट हुँदै रुस गएका हुन् । त्यसबेला पदमले एजेन्टलाई आठ लाख बुझाएका थिए । त्यसरी रुस पुगेका पदमले केही दिन तालिम दिएर युद्धमा पठाउन लागेको र मर्न पनि सकिने भनेको टीनाले बताइन् । 'रूस-युक्रेनबीच युद्ध भइरहेको छ । त्यहाँ हामीलाई लड्न पठाइँदै छ । जतिबेला पनि ज्यान जानसक्छ, मर्ने बाँच्ने टुंगो हुँदैन,' श्रीमान्ले भनेको कुरा उनले सम्झिइन् । यसो भन्दै गर्दा टीनाको काखमा रहेका चार वर्षीय छोरा प्रज्वल भन्दै थिए, 'बाबा चाहियो ।' तर, बाबा पदम भने सम्पर्कविहीन छन् । जीवितै छन् कि कस्तो छन् ? टुंगो छैन ।

टीनाका अनुसार युद्धमा मारिने त्रासले पदमले दुईपटक भाग्ने प्रयास गरेका थिए । तर, दुईपटक नै विफल भयो । रुसी सेनाले खोजीखोजी नियन्त्रणा लिए । 'उहाँले दुईपटक भाग्ने कोसिस पनि गर्नुभए छ । तर, दुईपटक नै उहाँलाई पक्रेछ,' उनले भनिन्, 'पहिलोपटक भाग्दा पाँचौं दिनमा फेला पारेर पक्रेछ । दोस्रोपटक भाग्दा त दोस्रो दिनमै पक्रेछ । त्यसपछि पिट्नुभयो भन्नुहुन्थ्यो ।'

यसपछि १४ मंसिरमा भने आफूलाई युद्धमा लान लागेको भन्दै टीनालाई पदमले ह्वाट्सएपमा भनेका थिए । त्यसपछि अहिलेसम्म पदम सम्पर्कमा आएका छैनन् । उनले सरकारसँग छिटो श्रीमान्लाई जीवितै भए देश झिकाउन माग गरेकी छन् । यदि, जीवित छैन भने पनि लास ल्याइदिन आग्रह गरेकी छन् ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

तेस्रो पटक प्रकाशित मिति २०८०/१०/२१

यस कम्पनीको मिति २०८०/०९/१५ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **ज्ञान दिप विद्या मन्दिर प्रा.लि. (प्रा.लि. नं. ४३२२२)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/१०/११ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **एपेक्स गोदावरी एकेडेमी कञ्चनपुर प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

दोस्रो पटक प्रकाशित मिति २०८०/१०/२१

यस कम्पनीको मिति २०७९/१०/२४ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **राष्ट्र गुरु योगी नरहरिनाथ अध्ययन तथा अनुसन्धान प्रतिष्ठान प्रा.लि. (प्रा.लि. नं. २८५३४७)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/११/२६ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **योगी नरहरिनाथ अध्ययन तथा अनुसन्धान प्रतिष्ठान सुर्खेत प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

**सिरीजङ्घा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**तेल्लोक, ताप्लेजुङ**

**एम्बुलेन्स खरिद गर्ने सम्बन्धी सूचना**

**सूचना प्रकाशित मिति : २०८०।१०।२१ गते**

यस कार्यालयको लागि आवश्यक चार पाङ्ग्रे एम्बुलेन्स थान १ (एक) सार्वजनिक खरिद ऐन, २०६३ (पहिलो संशोधन, २०७३) को दफा ८ को उपदफा १ (क) तथा सार्वजनिक खरिद नियमावली, २०६४ (चौथो संशोधन, २०७३) को नियम ३१ (ख) बमोजिम एम्बुलेन्स उत्पादक कम्पनी वा सो को आधिकारिक विक्रेताहरू बीचमा मात्र प्रतिस्पर्धा गराउने विधि (क्याटलग सपिङ) बाट खरिद गर्ने निर्णय भएकोले इच्छुक इजाजत प्राप्त उत्पादक कम्पनी वा सो को आधिकारिक विक्रेताहरूले आ–आफ्नो फर्म दर्ता प्रमाण पत्र, भ्याट दर्ता प्रमाण पत्र, एजेन्सी दर्ता प्रमाण पत्र, Letter of Authorization र आ.व. २०७९/०८० को कर चुक्ता प्रमाणको नोटरी पब्लिकवाट प्रमाणित प्रतिलिपीहरू समावेश गरि सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ ख (२) अनुसार देहाय वमोजिमको एम्वुलेन्स आधिकारिक स्पेशिफिकेशन, मुल्य र सुविधासहितको गुणस्तर विवरण (क्याटलग ब्रोसर) संलग्न राखी यो सूचना प्रकाशन भएको ७ (सात) औं दिन वा सो दिन सार्वजनिक विदा परेमा सोही दिनको भोलिपल्ट सम्मको कार्यालय समयभित्र यस सिरीजङ्गा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय तेल्लोक, ताप्लेजुङमा सिलबन्दी प्रस्ताव दर्ता गर्नु हुन सम्बन्धित उत्पादक वा आधिकारिक विक्रेताहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | खरिद गर्नु पर्ने मालसामानको नाम | संक्षिप्त विवरण | संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | चार पाङ्ग्रे एम्बुलेन्स (4 WD) | Hard Top Ambulance, 4 Wheel Drive | १ (एक) | संक्षिप्त विवरणमा उल्लेख नभएका विषयहरू स्वीकृत Technical Specification बमोजिम |
| | | Maximum rated power output not less than 45 kw and Maximum torque not less than 110 NM | | |
| | | The ambulance must contain all basic life support equipment (Type B Ambulance) as prescribed by Ambulance Service Guideline 2078 (Health Ministry of Nepal) | | |
| थप जानकारीका लागि गाउँपालिकाको कार्यालय, तेल्लोक, ताप्लेजुङ । सम्पर्क नम्बर ९८५२६६०३३२, ९८४१७१०११९, इमेल : sirijangharuralmunicipality@gmail.com | | | | |

**प्रमुख प्रशासकीय अधिकृत**

# बाँसबारी जग्गा प्रकरणः अरुण चौधरीसँग बयान सुरू

**काठमाडौं (प्रस)–** बाँसबारी छाला जुत्ता कारखानाको जग्गा हिनामिना गरेको आरोपमा पक्राउ परेका व्यवसायी अरुणकुमार चौधरीसँग बयान लिन थालिएको छ।

जिल्ला सरकारी वकिल कार्यालयका प्रमुख सन्देश श्रेष्ठको अगुवाइमा अनुसन्धान अधिकृतहरूले बयान लिएका हुन् । नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो सिआइबीका प्रवक्ता प्रहरी उपरीक्षक नवराज अधिकारीले कानुनी प्रक्रियाअन्तर्गत नै बयान लिन थालिएको जानकारी दिए । उनले चार दिन म्याद थप भएकाले त्यही म्यादभित्र रहेर अनुसन्धान भइरहेको पनि बताए । बयानका क्रममा चौधरीले कानुनविपरीत भएको पाइएमा आफू जग्गा फिर्ता गर्न तयार रहेको बताएका एक अनुसन्धान अधिकृतले जानकारी दिएका छन् ।



नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले तीन महिनाको अनुसन्धानपछि बाँसबारी छाला जुत्ता कारखानाको जग्गा प्रकरणमा चौधरीलगायत तीन जनालाई यही माघ १८ गते पक्राउ गरी अदालतबाट म्याद थपेर अनुसन्धान गरिरहेको छ ।

उक्त प्रकरणमा काठमाडौं महानगरपालिका २६ का तत्कालीन च्याम्पियन फुटवयेर लिमिटेड (पछि प्रालि बनाइएको) का सेयरधनी तथा सञ्चालक ६० वर्षका अरुणकुमार चौधरीसहित काठमाडौं महानगरपालिका-९ बस्ने तत्कालीन बाँसबारी छाला जुत्ता कारखानाका कार्यकारी अध्यक्ष ८० वर्षका अजितनारायण सिंह थापा, महोत्तरी घर भएका च्याम्पियन फुटवेयर प्रालि तथा सिजी चाँदवाग रेसिडेन्सी प्रालिका सञ्चालक सञ्जय ठाकुरलाई पक्राउ गरी म्याद थपेर आवश्यक अनुसन्धान अघि बढाइएको छ । उनीहरूलाई अनुसन्धान अधिकृतले क्रमैसँग बयान लिने छन् ।

# पत्रकार राईको स्मृतिमा पत्रकारिता पुरस्कार स्थापना हुने



■ प्रभाव संवाददाता

**काठमाडौं-** स्वर्गीय पत्रकार कमलराज राईको स्मृतिमा पत्रकारिता पुरस्कार प्रदान गरिने भएको छ । यसका लागि अक्षयकोष स्थापना गर्ने कार्य अघि बढाइएको छ । शनिबार पत्रकार राईको दोस्रो स्मृति दिवसको अवसरमा पत्रकारिता पुरस्कारका लागि अक्षयकोष स्थापना गर्ने घोषणा गरिएको हो ।

प्रभाव दैनिकका तत्कालीन सम्पादक रहेका पत्रकार राईको २०७८ माघ २० गते हृदयघातका कारण निधन भएको थियो । शनिबार आयोजित कार्यक्रममा उनकी धर्मपत्नी तथा अक्षयकोष स्थापनार्थ गठन गरिएको तदर्थ समितिकी संयोजक लालसरा राईले कमलराजलाई पत्रकारिता क्षेत्रले सम्भिmइराख्ने वातावरण बनाउन उनको नाममा पुरस्कार स्थापना गर्न लागेको जानकारी दिइन् ।

‘आज माघ २०, उहाँले छाडेर जानुभएको दिन मेरो लागि कालो दिन हो । यो कठिन परिस्थितिलाई स्वीकार्दै उहाँको अधुरा सपनाहरू पूरा गर्ने कोसिस गर्दै छु,’ उनले भनिन्, ‘उहाँले पत्रकारिता क्षेत्रमा पुर्‍याउनुभएको योगदान पछिसम्म सम्झनामा रहोस् भन्ने उद्देश्यले पुरस्कार स्थापना गर्न लागेका हौं ।’

पुरस्कारका लागि अबको केही महिना सहयोग संकलन गरी अक्षयकोष बनाउने लक्ष्य रहेको उनले सुनाइन् । कोषबाट नेपाल पत्रकार महासंघ वा कुनै संस्थासँग सहकार्य गरी प्रत्येक वर्ष पत्रकारिता पुरस्कार वितरण गरिने संयोजक राईले बताइन् ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ उपत्यका प्रदेश समितिका सदस्य अर्जुनबहादुर तामाङले पत्रकार राईको स्मृतिमा पुरस्कार स्थापना गर्ने कार्य सराहनीय भएको बताए । उनले मातृभाषा पत्रकारितामा स्वर्गीय पत्रकार राईको लगाव रहेको र उनले आफ्नो मातृभाषाको पत्रिकासमेत दर्ता गरेको स्मरण गर्दै पुरस्कार मातृभाषी पत्रकारलाई लक्षित गर्न सुझाव दिए । उनले कोषमा व्यक्तिगत तथा तामाङ डाजाङ पत्रिकाकोतर्फबाट आर्थिक सयोगको घोषणासमेत गरे ।

नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका कार्यसमिति सदस्य रमेशकुमार बोहोराले स्वर्गीय पत्रकार राई यही शाखाको कार्यसमितिमा बसेर काम गरेको उल्लेख गर्दै यही शाखाबाट पुरस्कार वितरण गर्दा प्रभावकारी र दिगो हुने धारणा राखे । उनले आफूहरूकै कार्यकालमा रकम हस्तान्तरण गरे कोष स्थापना गर्न सहज हुने बताए । पत्रकार बोहोराले पनि व्यक्तिगत तथा आफूले सञ्चालन गर्ने अर्थ सवाल साप्ताहिकको तर्फबाट कोषमा सहयोग घोषणा गरे ।

प्रभाव पब्लिकेसन प्रालिका प्रबन्ध निर्देशक कृष्ण कार्कीले कमलराज राईसँगको लामो सहकार्यको स्मरण गरे । उनले कमलराजलाई सम्भिmइराख्ने आधार पुरस्कार बन्ने भएकोले कोष स्थापनामा आफ्नो तर्फबाट पूर्ण सहयोग रहने प्रतिबद्धता जनाए । सोही क्रममा उनले प्रभाव पब्लिकेसन र आफ्नो व्यक्तिगततर्फबाट समेत सहयोग घोषणा गरे ।

नेपाल प्रज्ञा प्रतिष्ठानका प्राज्ञ सदस्य चेतनाथ धमलाले पत्रकार राईको स्मृतिमा प्रदान गरिने पत्रकारिता पुरस्कारलाई विशिष्टीकृत बनाउनुपर्ने सुझाव दिए । मातृभाषा पत्रकारितालाई प्रोत्साहित गर्ने गरी पुरस्कार स्थापना गर्दा उपयुक्त र प्रभावकारी हुने उनको भनाइ थियो । कोष स्थापना गर्ने योजना प्रशंसानीय भएको बताउँदै उनले आफ्नो तर्फबाट सहयोग घोषणा गरे ।

वरिष्ठ पत्रकार वैकुण्ठ भण्डारीले स्व. पत्रकार राईले पिछडिएका समुदायको आवाजलाई प्राथमिकता दिने गरेको स्मरण गर्दै पत्रकारिता पुरस्कार पनि आदिवासी जनजाति, राई समुदाय तथा पिछडिएका समुदाय लक्षित गर्दा प्रभावकारी हुने सुझाव दिए । उनले पनि कोषका लागि सहयोग घोषणा गर्दै दीर्घकालीन रूपमा कोष सञ्चालन हुने गरी योजना बनाउनुपर्नेमा जोड दिए ।

कार्यक्रममा अन्य सहभागीहरूले समेत स्व. पत्रकार राईको स्मृतिमा स्थापना हुने कोषका लागि सहयोग घोषणा गरेका थिए ।

## हिम रिभर पावर लिमिटेडको

**विशेष साधारणसभा सम्बन्धी सूचना :**

दोस्रोपटक प्रकाशित मितिः २०८०/१०/२१

यस **हिम रिभर पावर लिमिटेड** (लिमिटेड दर्ता नं.२९३७१६) को **आ.ब. ०७९।८० को वार्षिक साधारणसभा** निम्न मिति, समय र स्थानमा तल उल्लेखित प्रस्तावहरु उपर छलफल गर्ने गरी बस्ने भनी संचालक समितिको बैठकको निर्णय अनुसार आव्हान गरिएकोले उपस्थितिका लागि **कम्पनीका शेयरधनीहरुको जानकारीका लागि यो सार्वजनिक सूचना** प्रकाशन गरिएको छ ।

**साधारणसभा हुने मिति, समय र स्थान :**

**मिति :** २०८०।११।१० गते बिहीबार
**समय :** दिनको ११:०० बजे
**स्थान :** कम्पनीको रजिष्टर्ड कार्यालय प्राङ्गण

**छलफलका प्रस्तावहरु :**

१. संचालक अध्यक्षज्यूद्वारा प्रस्तुत हुने आ.ब. ०७९।८० को वार्षिक प्रतिवेदन सम्वन्धमा ।
२. लेखापरिक्षकज्यूद्वारा प्रस्तुत हुने आ.ब. ०७९।८० को लेखापरिक्षण प्रतिवेदन, आय-व्यय विवरण र वासलात माथि छलफल र सर्मथन गर्ने ।
३. आगामी आ.ब. ०८०।८१ को लागि लेखापरिक्षकको नियुक्ति गर्ने र पारिश्रमिक तोक्ने ।
४. बाँकी कार्यकालका लागि रिक्त संचालक पदको निर्वाचन गर्ने सम्बन्धमा ।
५. विविध ।

**(पुनश्चः निर्वाचन कार्यक्रम सम्बन्धमा निर्वाचन समितिले छुट्टै सूचना/कार्यतालिका प्रकाशित गर्नेछ)**

आज्ञाले,
**कम्पनी सचिव**

# Chautara Sangchokgadhi Municipality
## Office Of The Municipal Executive
### Chautara, Sindhupalchok
### Bagmati Province, Nepal

## Invitation for Electronioc Bids

### Invitation for Electronic Bids for the Rokka Tol Lift Water Supply Project (Sarki Gaun), CSGM-13
### Contract Identification No: CSGM/NCB/WORKS-14/2080/81

**First Date of publication: 2080/10/21 ( 04th Feb 2024)**

The Chautara Sangachokgadhi Municipality Office, Chautara, Sindhupalchok invites electronic bids from nepali eligible Bidders for the construction of the following works under NCB Procedures.

| Contract Identification No | Description | Estimated Amount (Exclusive of VAT and Contingencies) | Bid Security Amount | Price of Bid Document | Bid Submission Last Date, Time | Bid Opening Date, Time |
|---|---|---|---|---|---|---|
| CSGM/NCB/ WORKS-14-/2080/081 | Rokka Tol Lift Water Supply Project (Sarki Gaun), CSGM-13 | Rs. 67,29,526.55 | Rs. 1,90,000.00 | Rs. 3,000.00 | 2080/11/22 (05th Mar 2024) at 12:00 hrs | 2080/11/22 (05th Mar 2024) at 13:00 hrs |

1. Eligible Bidders may obtain further office of Chautara Sangachokgadhi Municipality, Office of the Municipal Executive, Chuatara, Sindhupalchok, Contact no 011-620477 or may visit the website http://www.chautaramun.gov.np. or may visit PPMO website www.bolpatra.gov.np/egp.
2. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the office account no. as specified below and the scanned copy (.pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   **Information to deposit the cost of bidding document in Bank:**
   **Name of the Bank:** Nepal Bank Limited, Chautara Branch
   **Name of Office :** Chautara Sangachokgadhi Municipality
   **Account Number (Aantarik Rajashwo Khata for bid document fee):** 05703000001001000001
   **Dharauti Khata No.:** 05703000003000000001
   **Office Code No.:** 801032701
   **Rajaswa (revenue) Shirshak no.:** 14229
3. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp. on or before as mentioned above.
4. Pre-bid meeting shall be held at Chautara Sangachokgadhi Municipality, office of the Municipal Executive, Chautara ,Sindhupalchok at 2080/10/11 (23th Feb 2024) on 13:00 hrs.
5. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a scanned copy of the bid security in pdf format amounting to a minimum of NRs 1,90,000.00 which shall be valid for 30 days beyond the validity period of the bid.
6. Bids shall be opened in the presence of Bidders' representatives who choose to attend at above mentioned date and time at the office of Chautara Sangachokgadhi Municipality.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Bidders are advised to visit the site and assess the actual site conditions prior to submit the bid in their own cost.
9. The Employer reserves the right to accept or reject, wholly or partly any or all the Bids without assigning any reason, whatsoever.
10. Any matter not covered by this notice shall be as per other mandatory information as per PPA and PPR. (With all amendments) of GON.
11. If there are any changes or correction in notice or on Bid document, the notice will be published in Chautara Sangachokgadhi Municipality notice board, Municipality Official Website and in bid addendum.

**Chief Administrative Officer**
**Chautara Sangachokgadhi Municipality**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# फोहोरमा कामपाको नमूना कार्यक्रम

काठमाडौंबासीले भोग्दै आएका मुख्य समस्यामध्येमा पर्छ, फोहोर व्यवस्थापन । गत स्थानीय तहको चुनावमा स्वतन्त्र उम्मेदवार बालेन्द्र (बालेन) साहले फोहोर व्यवस्थापनलाई प्राथमिकताका साथ आफ्नो चुनावी एजेण्डामा अघि सारे । काठमाडौंका जनताले विश्वास गरेर उनलाई मत दिए र अन्ततः ठूला दलका उम्मेदवारहरूलाई पाखा लगाउँदै स्वतन्त्र युवा बालेन विजयी भए । देशकै सबैभन्दा ठूलो महानगर कठमाडौं महानगरपालिकाको नेतृत्व लिइरहँदा उनीमाथि पहिलो चुनौती नै फोहोर व्यवस्थापन बन्यो । त्यो चुनौती अद्यपि कायमै छ ।

महानगरले फोहोर व्यवस्थापनलाई दीर्घकालीन बनाउन स्रोतमै वर्गीकरण गर्ने योजना अघि सारेको थियो । स्रोतमै वर्गीकरण भनेको घरमा फोहोर जम्मा गर्दा नै कुहिने र नकुहिने फोहोर छुट्याउनुपर्ने नीति महानगरले ल्याएको थियो । तर, उक्त नीति कार्यान्वयनमा आउन सकेको थिएन । अब भने महानगरले विशेष तयारीका साथ स्रोतमा वर्गीकरण गरिएको फोहोर छुट्टै संकलन गर्ने अभियान सुरु गरेको छ । यसका लागि महानगरपालिकाले रङ संकेतसहितको गाडी तयार पारेको छ ।

फोहोर उत्पादन भएकै ठाउँमा (कुहिने र नकुहिने) छुट्याउने र छुट्टिएको फोहोर छुट्टै संकलन, ढुवानी तथा व्यवस्थापन गर्ने कार्यक्रम कार्यान्वयनका लागि गाडीको व्यवस्था गरिएको महानगरका वातावरण व्यवस्थापन विभाग प्रमुख रविनमान श्रेष्ठको भनाइ छ । उनकाअनुसार ३.५ क्युविक मिटर क्षमता भएको गाडीको बीचबाट दुई खण्ड बनाइएको छ । हरेक खण्ड (कोठा) १.५ क्युविक मिटर क्षमताका छन् । ती कोठाको पछाडि र बीचमा गरी दुईवटा ढोका छन् । यसमध्ये बीचमा राखिएको ढोकाबाट फोहोर संकलन गरिन्छ ।

बाहिरबाट हेर्दा गाडी दुई रङको देखिन्छ । कुहिने फोहोर संकलन गरिने कोठातिर हरियो छ भने नकुहिने तथा अन्य फोहोर संकलन गरिने कोठातिर नीलो रङ राखिएको छ । श्रेष्ठका अनुसार कुहिने फोहोर संकलन हुने कोठामा करिब एक हजार ५०० किलो फोहोर संकलन गर्न सकिन्छ । नकुहिने फोहोरको आकार ठूलो देखिए पनि तौल कम हुन सक्छ । त्यसैले यसमा चाहिँ सामानको प्रकृति हेरेर मात्र तौल अनुमान गर्न सकिन्छ ।

महानगरले फोहोर वर्गीकरणको नमूना कार्यक्रम वडा नं. २७ बाट कार्यान्वयन गर्ने तयारीका साथ सचेतनामूलक अभियान सुरु गरेको छ । यो वडाको कार्यक्रम सफल बनाएर वडा नं. १२, ५, ६ लगायत वडामा विस्तार गर्दै लैजाने महानगरको योजना छ । महानगरले सुरु गरेको यो अभियानबाट सर्वसाधारण पनि उत्साहित देखिएका छन् । यसले फोहोर व्यवस्थापन साँच्चै प्रभावकारी र दीर्घकालीन बनाउला या नबनाउला, त्यो त हेर्न बाँकी नै छ । यद्यपि, महानगरले सुरु गरेको यो अभियान सराहनी छ । यसलाई प्रभावकारी कार्यान्वयनमा लैजानुको विकल्प छैन ।

# ऊर्जा प्रभावकारी भवनसम्बन्धी नीतिगत व्यवस्थाको खाँचो



कृष्ण अधिकारी

> ईँटा उत्पादनबाट मात्रै नेपालमा १२ लाख टनभन्दा बढी कार्बन डाइअक्साइड उत्सर्जन हुने गरेको विभिन्न अध्ययनले देखाएको छ । नेपालले शून्य कार्बन उत्सर्जन गर्ने प्रतिबद्धता जनाएको सन्दर्भमा भवन निर्माण गर्दा पनि यसतर्फ ध्यान दिनुपर्ने आवश्यकता रहेको छ । विज्ञका अनुसार कम्तीमा महानगरपालिका,उपमहानगरपालिका र नगरपालिकाहरूमा निर्माण हुने भवनहरु ऊर्जा प्रभावकारी बनाउन सकिएमा आर्थिक तथा सामाजिक क्षेत्रमा सकारात्मक प्रभाव पर्नुका साथै वातावरणीय लाभ पनि पाउन सकिने छ ।

यतिबेला माघको चिसोले गर्दा घर वा कार्यालयमा भित्र बस्दा पनि अधिकांशले बिजुली वा ग्यासबाट चल्ने हिटर, ब्यायलर, हिट पम्प लगाएर कोठा तताउने गर्दछन् तर ललितपुर ग्वार्कोका राजेश महर्जनको घरमा चिसोको अनुभव हुँदैन । उनको घरमा जाडोमा प्रयोग गरिने यी उपकरणहरू मात्र होइन, गर्मीयाममा पनि पंखा वा एसी कुलरको अत्यन्त न्यून प्रयोग हुने गर्दछ । वरपरका घरमा साँझ पर्न नपाउँदै बत्ती बाल्नु परे पनि साँझ अबेलासम्म पनि बाहिरको उज्यालोले बत्ती बाल्नु पर्दैन । एक वर्षअघि निर्माण गरेका उनको घर देशकै ऊर्जामैत्री नमूना घर बनेको छ । उनी आफैं पनि सिभिल इञ्जिनियर भएकाले घर निर्माण गर्दा कसरी मजबुत र ऊर्जामैत्री बनाउने भन्ने बारेमा जानकार भएकाले नयाँ ढंगबाट बनाएको बताउँछन् ।

उनको घरमा सामान्य इँटा प्रयोग नगरी हलोब्रिकको प्रयोग गरिएको छ । बाहिरी आवरणमा प्रयोग भएको इँटा ठूलो आकारको भएकोले इँटा जडान गर्न उपयोग हुने सिमेन्टको खपत पनि घटेको छ भने घरको समग्र भार तौल पनि निकै घटेको छ । घरको मोहडा सौर्य कोण र प्रकाश रेखाअनुरूप दक्षिण वा उत्तरतर्फ फर्केको छ । सीधा घामबाट जोगिन, चम्किलो प्रकाश न्यून गर्न तथा दृश्य र तापीय सुविधा कायम गर्न झ्यालमा उपयुक्त छायाँ पर्ने विधि अपनाइएको छ । यस भवनमा दक्षिणतिरको झ्यालमा बढी छायाँ पर्नेगरी बाल्कोनीको डिजाइन गरिएको छ ।

प्रकाशलाई भवनभित्र आउन दिन मिलाएर झ्याल र ढोकाहरू राखिएका छन् । कोरिडोर र सबै कोठाहरूमा दिउँसोको प्रकाशको संयोजन भएकाले रातको समयमा मात्रै बत्ती बाले पुग्दछ । गर्मीयाममा घरभित्रको तापक्रम चिसो र जाडोमा तातो हुने हुँदा उनलाई हिटर, पंखा वा एयर कुलरको प्रयोग अत्यन्त न्यून गर्ने गरिन्छ । उनले आकासे पानीको उपयोगदेखि भान्सा र शौचालयबाट निस्कने पानीलाई पनि करेसाबारी र बगैंचामा उपयोगमा ल्याएका छन् । राजेशकी श्रीमती कल्पना श्रेष्ठ भन्छिन्, 'यस्तो भवनमा ऊर्जा खपतमा हुने खर्च बचत हुने रहेछ । अहिले मासिक विद्युत्को महशुल पनि कम भएको छ ।' नयाँ ढाँचाको घर निर्माण गरेपछि धेरैजनाले चासो देखाएको बताउँदै उनले नयाँ घर बनाउँदा ऊर्जामैत्री बनाउन अरुलाई पनि सुझाव दिइन् ।

मानिसको सुरक्षाका लागि होस् वा सहज जीवन सञ्चालनका लागि, उद्योग व्यवसाय सञ्चालनका लागि होस् वा सार्वजनिक कार्यहरू गर्न, घर वा भवनको निर्माण गर्ने गरिन्छ । सामान्यतः एकपटक निर्माण गरिएको पक्की घर दुई/तीन पुस्तासम्म पनि रहने हुँदा निर्माण गर्दा नै वातावरणमैत्री, स्वास्थ्यमैत्री तथा ऊर्जामैत्री बनाउनेतर्फ ध्यान दिनुपर्नेमा विश्वव्यापी ध्यान दिन थालिएको छ । आधुनिक जीवनशैलीले नेपालमा भवन क्षेत्रमा ऊर्जाको खपत बढेको छ । घर अधिक चिसो वा तातो हुँदा अनेक स्वास्थ्य समस्या आउने मात्र नभई मानिसको उत्पादनशीलतासमेत घट्न जान्छ । पछिल्लो एक अध्ययनले काठमाडौंमा हालसालै बनेका भवनहरूमा कूल ऊर्जा खपतको करिब ६० प्रतिशत वातानुकूलन (ताप वा शीतल) गर्न खपत भएको पाइएको छ ।

पछिल्लो समय तराई, पहाड र हिमाली क्षेत्रमा एउटै खालको कंक्रिटका घर निर्माण गरिएका छन् । गर्मी र जाडो ठाउँमा निर्माण हुने घर एकै खालको हुनु हुँदैन । यसले गर्दा कतै घर तताउन र कतै चिसो राख्न अतिरिक्त ऊर्जाको खपत बढ्ने गरेको छ । भवन निर्माण गर्दा स्थानीय मौसम अनुकूलन र ऊर्जा दक्ष वातानुकूलित प्रणालीहरूको प्रयोगमा ध्यान दिनुपर्ने विज्ञहरू बताउँछन् । भवनको कार्बन उत्सर्जनलाई कम गर्न भवनको डिजाइन र सञ्चालनमा नवीकरणीय ऊर्जाको प्रयोगलाई बढाउन सकिन्छ ।

तीव्र सहरीकरणसँगै नयाँ भवनहरू निर्माण भइरहँदा त्यसमा खपत हुने ऊर्जाको किफायती र दक्षतायुक्त प्रयोगमा नीतिगत व्यवस्थाको खाँचो महसुस हुन थालेको छ । उनका अनुसार छिमेकी मुलुकहरू भारत, श्रीलंका, पाकिस्तानमा व्यापारिक र घरायसी भवनको छुट्टै भवन संहिता बनाइएको र त्यसमा ऊर्जा दक्षतासम्बन्धी व्यवस्था समावेश गरिएको छ । भवन निर्माणको स्वीकृति दिने स्थानीय तहहरूले विस्तारै ऊर्जा दक्षतायुक्त भवन संहिता तर्जुमा गरी लागू गर्ने तयारीमा गरेका छन् ।

नेपालमा पनि जलवायु अनुकूलन र ऊर्जा प्रभावकारिता अनुसार निर्माण गरिने भवनहरूका लागि मापदण्ड तयार गरिएको छ । पोखरा महानगरपालिकाले पहिलोपटक यस मापदण्डलाई नगरसभाबाट पारित गरेको छ । बढ्दो सहरीकरण र जनसंख्याको चापलाई मध्यनजर राख्दै पोखरा महानगर क्षेत्रभित्र गरिने निर्माणसम्बन्धी मापदण्डलाई समय सापेक्षरूपमा परिमार्जन तथा संशोधन गर्ने क्रममा महानगरपालिका १३औं नगरसभाबाट मापदण्ड लागू गर्ने निर्णय भएको महानगरपालिकाका प्रमुख धनराज आचार्यले जानकारी दिए । जलवायु अनुकूलन र ऊर्जा दक्षताअनुसार निर्माण गरिने भवनहरूका लागि मापदण्ड लागू गर्ने पोखरा पहिलो स्थानीय तह बनेको छ । महानगरपालिकालाई सुन्दर गतिशील र समृद्ध सहरको रूपमा विकास गर्न यो एकीकृत भवन तथा पूर्वाधार निर्माण मापदण्ड तयार गरिएको छ । मापदण्डमा जग्गाको भू-उपयोग, सर्वसाधारण जनताको स्वास्थ्य साथै अन्य अत्यावश्यक सुविधाहरूलाई समेत ध्यान दिइएको छ ।

नयाँ मापदण्डको सही कार्यान्वयनबाट अव्यवस्थित सहरीकरण एवं असुरक्षित निर्माण कार्यहरूबाट उत्पन्न हुने समस्याहरू निराकरण गर्न सहयोग पुग्ने नगरप्रमुख आचार्य बताउँछन् । यस मापदण्डमा भवन निर्माणमा विद्यमान प्रविधि तथा अभ्यासलाई ऊर्जा प्रभावकारी तथा वातावरणमैत्री बनाउने कुरामा स्पष्ट व्यवस्था गरिएको छ । भवनमा ऊर्जा प्रभावकारिता कायम गर्नेसम्बन्धी मापदण्डमा भएका प्रावधानहरू सरकारी तथा संस्थागत भवनहरूमा अनिवार्य रूपमा लागू गरिएको छ भने व्यक्तिगत भवनको हकमा ऐच्छिक रूपमा लागू हुने जनाइएको छ । उनका अनुसार पोखराको भौगोलिक अवस्थालाई ध्यानमा राखेर, विगतका मापदण्डसम्बन्धी प्रतिवेदनलाई समेत अध्ययन गरी वैज्ञानिक ढंगबाट नै उक्त मापदण्ड तयार पारिएको छ ।

विस्तारै अन्य नगरपालिकाहरूले पनि यसमा ध्यान दिन थालेका छन् । काठमाडौं महानगरपालिकाको सहरी व्यवस्थापन विभागका इञ्जिनियर सन्तोष पाण्डे महानगरपालिकामा निर्माण हुने सबै भवन भूकम्पप्रतिरोधी हुनुको साथै ऊर्जा दक्षतायुक्तसमेत हुनुपर्ने भएकाले यसका लागि केही सूचकहरूसहित मापदण्डहरू बनाउने कार्य भइरहेको बताए । यसका लागि महानगरपालिकाले बजेटको व्यवस्था गरिसकेको बताउँदै उनले सूचकहरूका आधारमा ऊर्जा प्रभावकारी भवन निर्माणका लागि बैंकहरूले पनि कम ब्याजदरमा ऋण सुविधा दिन तयार रहेको उल्लेख गरे ।

भवन विभागका उपमहानिर्देशक प्रकृण तुलाधर विश्व बैंकको सहयोगमा विभागले हरित भवन निर्माणसम्बन्धी मार्गनिर्देशिका तयार गर्न लागिएको बताए । उनका अनुसार भवन निर्माण गर्दा प्रयोग गरिने सामग्रीदेखि निर्माण सम्पन्न भएपछि भवनमा ऊर्जाको किफायती प्रयोग, तातो र चिसोको सन्तुलन राख्न गारो, झ्याल, ढोका, भेन्टिलेसन राख्ने विधिलगायतका विषयहरूलाई मार्गनिर्देशिकामा समावेश गरिने छ ।

सन् २०४५ सम्म हरितगृह ग्यास उत्सर्जनलाई शून्यमा पुर्‍याउने सरकारले प्रतिबद्धता जनाएको छ । सन् २०३० सम्म इँटा तथा सिमेन्ट उद्योगहरूमा कोइलाको खपत र वायु प्रदूषण घटाउन कार्बन उत्सर्जन न्यूनीकरण गर्ने प्रविधिको प्रयोगमा ल्याउने, कम्तीमा पाँचवटा पर्यटकीय गन्तव्यहरूमा कार्बन तटस्थता सुनिश्चित गर्ने, न्यून कार्बन उत्सर्जन तथा जलवायु अनुकूलनमा जोड दिनेगरी सबै स्थानीय तहहरूमा राष्ट्रिय भवन संहिता लागू गर्ने भनिएको छ । त्यस्तै न्यून कार्बन उत्सर्जन तथा जलवायु अनुकूलित सहरी बस्तीलाई प्रवर्द्धन गर्न सन् २०२५ सम्ममा सहरी वातावरण व्यवस्थापन निर्देशिका परिमार्जन गर्ने सरकारको तयारी रहेको छ ।

सरकारको यसै लक्ष्यलाई कार्यान्वयन गर्ने उद्देश्यले युरोपियन युनियनअन्तर्गत स्वीच एसिया कार्यक्रमको सहयोगमा बिल्डिङ इनर्जी इफिसियन्सी इन नेपाल (बिइइएन) कार्यक्रम लागू गरिएको छ । मार्च २०२२ देखि फेब्रुअरी २०२६ सम्म कार्यान्वयनमा रहने यस कार्यक्रमले बागमती, लुम्बिनी र गण्डकी प्रदेशका ६० वटा स्थानीय सरकारसँगको सहकार्यमा ऊर्जा दक्ष तथा नवीकरणीय ऊर्जा प्रयोग गरी आठवटा नमूना भवन निर्माण तथा २०० वटा भवन निर्माणमा सहजीकरण गर्ने छ । नयाँ तथा प्रबलीकरण गरिएका भवनहरूको ऊर्जा खपत २५ प्रतिशतले कम हुने छ भने ऊर्जा प्रभावकारी भवन निर्माण गर्न उद्यमीहरूको क्षमता विकास, भवनमा ऊर्जा दक्षता प्रवर्द्धन गर्न आवश्यक नीतिहरू तर्जुमा एवं ऊर्जा दक्षतायुक्त भवन निर्माणमा निजी लगानी बढाउन बैंकहरूलाई आकर्षित गरिने बिइइएका लिडर सुयेश प्रजापति बताउँछन् ।

विगतको जनगणनाको तथ्यांकअनुसार नेपालमा विगत १० वर्षमा करिब १२ लाखभन्दा बढी नयाँ घर निर्माण हुने गरेको छ । बढ्दो सहरीकरणले गर्दा अधिकांश घरहरू सहरी क्षेत्रमा नै निर्माण हुने गरेका छन् । भवन निर्माण गर्ने क्रमसँगै इँटालगायत अत्याधिक ऊर्जा खपत हुने निर्माण सामग्रीहरूको प्रयोगका कारण भवन क्षेत्रको कार्बन फुप्रिन्ट उच्च छ । इँटा उत्पादनबाट मात्रै नेपालमा १२ लाख टनभन्दा बढी कार्बन डाइअक्साइड उत्सर्जन हुने गरेको विभिन्न अध्ययनले देखाएको छ । नेपालले शून्य कार्बन उत्सर्जन गर्ने प्रतिबद्धता जनाएको सन्दर्भमा भवन निर्माण गर्दा पनि यसतर्फ ध्यान दिनुपर्ने आवश्यकता रहेको प्रजापतिको भनाइ छ । उनका अनुसार कम्तीमा महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकाहरूमा निर्माण हुने भवनहरू ऊर्जा प्रभावकारी बनाउन सकिएमा आर्थिक तथा सामाजिक क्षेत्रमा सकारात्मक प्रभाव पर्नुका साथै वातावरणीय लाभ पनि पाउन सकिने छ ।

*(लेखक राससका आलेख प्रमुख हुन्)*

## मनन्योग्य

### चाणक्य नीति

युनानबाट आधीझैं बनी सिकन्दरको रूपमा आइरहेथ्यो । यो समय ईशाभन्दा ३२६ वर्षपूर्वको हो । विश्वविजयको सपना देख्दै सिकन्दर आयो । विजयध्वजा फहराउँदै ऊ भारत देशको नजिक आइपुग्यो सिकन्दरले मनको नहद प्यूसँग खाँदै यी खाना राज्यमा बाँडिएका राज्य त्यति शक्तिशाली छैनन् भन्ने सोचेको थियो । उसले सम्झ्यो, साधारण सुझबुझबाट सुनको चुरा हात पर्नेछ । सिकन्दरले भारतमा पाइला टेक्यो । आफ्ना गुप्तचर सबैतिर खटाएर जनतालाई पैसा दिएर लोभमा पारी राज्यहरू र तिनका छेउछाउका राज्यको जानकारी पाउन जालसमेत सिकन्दरले फैलायो ।

उसले आफ्नो पहिलो लक्ष्य भारत वर्षको उत्तर-पश्चिममा बसेको तक्षशिला सहरका नरेश आम्भीलाई बनायो । कुनै युद्ध नै नगरी आम्भीले सिकन्दरले दासता स्वीकार गर्दै धेरै धन र बहुमूल्य उपहार पनि दिए । यो आम्भीको आफ्नो देशप्रति ठूलो विश्वासघात थियो सन्धिपछि सिकन्दरका सैनिकले उत्पात गर्न थाले । धेरै समयदेखि युद्धमा नै रहेका सैनिकहरू पत्नीबाट विछोड भएकाले तक्षशिलाका तरुनी देखेर कामुक भए । प्रतिदिन सहरका छोरीबुहारीहरू सिकन्दरका सैनिकका वासनाका सिकार भए । सिकन्दरले तक्षशीलामा संस्कृतको विरोध गरी युनानी भाषाकी आरम्भ गरायो । सिकन्दरले राज्यको सहयोग पाएकाले आचार्यहरू र विद्यार्थीहरूको अध्ययन-अध्यापन बन्द गरायो ।

राजा आम्भीले स्वीकार्नु, सिकन्दरका सैनिकको उत्पात, संस्कृतको पठनपाठन बन्द आदिले तक्षशिलामा विद्यार्थीहरू कम हुँदै गए, जुन विश्वविद्यालयमा प्रवेश पाउनका लागि विद्यार्थीको तछाडमछाड भइरहन्थ्यो ।

विष्णुगुप्तलाई थाहा भयो अब सिकन्दर कैकेय प्रवेश गरेर झेलम र चितारबीचको कैकेय देश जित्ने इच्छा गर्दै अघि बढ्दैछ, जहाँका राजा पुरु जसलाई पोरस भनिन्छ छन् ।

मातृभूमिको यस्तो दुर्दशा देखेर आमाका सपूत चाणक्यका हृदयमा हाहाकार मच्चियो । आम्भीजस्तो विश्वासघाती, महानन्दजस्तो बिलासी व्यक्तिलाई राजकाजबाट पर अलग्याएर राजा बनेको खण्डमा मात्र यस्तो आशा गर्न सकिन्छ यहाँ विश्वासघाती आम्भी विलासी महानन्दजस्ता गुजाबाट केही हुँदैन भारत वर्ष टुक्रा-टुक्रामा बाँडिएको छ, जसले सिकन्दरसँग टक्कर लिन खोज्छ, उसका सेनाको अगाडि कोही पनि टिक्न सक्दैन । नन्दजस्तो राजाका हातमा राज्य रहन दिनुहुँदैन । उनी बुझ्दथे कि मगध शक्तिसम्पन्न राज्य हो, ।

## पत्र-मञ्जुषा

### दरबार हत्याकाण्डको छानबिन:

# प्रधानमन्त्री दाहालले आँट गर्नेमा आशंका

वि.सं. २०५० सालपछि नेकपा एमालेका धेरै नेता प्रधानमन्त्री भए । मनमोहन अधिकारी, माधवकुमार नेपाल, झलनाथ खनाल, केपी शर्मा ओली प्रधानमन्त्री बने । अन्य एकचोटि प्रधानमन्त्री बन्दा ओली दुईपटक प्रधानमन्त्री भए । प्रधानमन्त्री नखाए पनि एमाले पटक-पटक सरकारमा गइसकेको छ ।

जनवादी नेता मदन भण्डारीपत्नी विद्यादेवी भण्डारी पटक-पटक मन्त्री बनिन् । उनले दुईपटक राष्ट्रप्रमुखको भूमिका पनि निर्वाह गरिन् । दुर्घटनामा परेर मदन भण्डारीको २०५० जेठ ३ गते मृत्यु भयो । नेपालले एउटा जनवादी नेता गुमाएको पनि ३० कटेर ३१ वर्ष लाग्यो । भण्डारीले दुर्घटनामा ज्यान गुमाए तर चालक अमर लामा भने जोगिए ।

त्यतिबेलै आमसर्वसाधारणलाई आशंका भइसकेको थियो, यो दुर्घटना नभई हत्या हो । यो विषयमा अहिले पनि सर्वसाधारणले प्रश्न उठाइरहेका छन् । मदनलाई कसले मार्न लगाए ? यो कुरा थाहा भएका अमर मात्र थिए । अमर त्यो घटनामा न घाइते भए न उनलाई कुनै क्षति पुग्यो ।

गाडीबाट हाम्फालेका उनले कसैको निर्देशमा सो काम गरेको त त्यतिबेलै प्रस्ट भइसकेको थियो । अमर पछि जेल गए । जेलबाट निस्किएपछि उनले मदनलाई मार्नमा क-कसको हात छ ? भण्डाफोर गर्छु भनेर धम्की दिए । त्यति बोल्नेबित्तिकै दिँउसै उनको अपहरण भयो । काठमाडौंको कालिकास्थानमा हिँड्दै गरेका उनलाई अपहरण गरेर दिँउसै गोली हानेर मारियो ।

अमरलाई कसले मारेको हो ? अहिलेसम्म सार्वजनिक भएको छैन । यो कुरा भित्रभित्रै दबाइएको छ । त्यतिबेला मुलुकमा जनयुद्ध चलिरहेको थियो । यदि माओवादीले मारेको रहेछ भने स्वीकार्नुपर्‍यो । अन्य पार्टीले मारेको भए पत्ता लगाउनुपर्‍यो । नेपाल प्रहरी यो विषयमा किन मौन छ ?

अमर मर्नेबित्तिकै मदनको मृत्यु प्रकरण गुपचुप भयो । मदन एमालेका नेता थिए । तर, उनको मृत्यु प्रकरणमा एमाले किन बोल्दैन ? सर्वसाधारणले 'दालमा केही कालो भएको' शंका गरेका छन् । एमाले बारम्बार सरकारमा गयो । मदनकै श्रीमती दुईपटक देशको राष्ट्रपति बनिन् ।

तर, कसैले यसको अनुसन्धान अघि बढाउन चाहेन, किन ? सर्वसाधारणले त शंकाको सुइँ एमालेतर्फ लगेका छन् । मदन र अमर नेपाली नागरिक थिए । उनीहरूको बाँच्ने अधिकार खोसियो । यद्यपि, सरकारले अहिलेसम्म 'अपराधी' समात्न सकेको छैन् । मदनलाई जनताले मनबाटै आफ्नो नेता ठान्थें ।

जनताको अभिभावक मदन र अमरलाई मार्ने व्यक्ति को हो ? यसको छानबिन हुनुपर्छ । अहिले मुलुकको प्रधानमन्त्रीमा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल थिए । दाहालले नेतृत्व गरेको जनयुद्धकै क्रममा अमरको हत्या भएको हो । कि त दाहालले अमर माओवादीले मारेको हो भनी स्वीकार गर्नुपर्‍यो, नत्र 'अपराधी' पत्ता लगाउनुपर्‍यो ।

प्रधानमन्त्री दाहालले अब मदनको 'अपराधी' खोज्ने प्रक्रिया अघि बढाउनुपर्छ । राजनीतिक दलहरूलाई 'अपराधी' को हो ? भन्ने कुरा थाहा छ । तर, उनीहरू एकअर्काको जोगाऊमा छन् । अमरको हत्यारा समातिनेबित्तिकै मदनलाई मार्न लगाउनेको नाम खुलिहाल्छ । प्रहरीले चाहयो भने मान्छे मारेर फरार भएको व्यक्तिलाई दशकौंपछि पनि समात्छ ।

अहिले पनि २०-२५ वर्षपछि ज्यान मार्ने व्यक्तिहरू पक्राउ गरेको खबरहरू बाहिर आइरहेको हुन्छ । प्रहरीले उनीहरूले कहाँबाट समातेर ल्याउँछ । तर, मदन र अमरको घटनामा त अहिलेसम्म दोषी नै पत्ता लाग्न सकेका छैनन् । यसमा ठूलै चलखेल भएको कुरा घामजस्तै छर्लंग छ ।

राजनीतिक आडमा 'अपराधी' लाई लुकाइएको स्पष्ट छ । हरेक वर्ष मदनलाई सम्झिने गरिन्छ । उनी जति नेपालीमाझ भिजेका थिए, त्यति नै अन्तर्राष्ट्रियस्तरमा पनि लोकप्रिय थिए । विदेशीले त उनको विषयमा चासो राख्छन् भने नेपालीले न नराख्ने कुरै भएन । नेताहरूले मदन भण्डारीको बारेमा लामो भाषण गर्छन् ।

तर, उनको 'हत्यारा' खोज्ने चासो देखाउँदैनन् । सरकार नालायक साबित भएको अर्को काण्ड हो, 'दरबार हत्याकाण्ड' । उक्त हत्याकाण्डमा राजा वीरेन्द्रको पूरा परिवार नै सखाप भयो । घटना घटेको २३ वर्ष बितिसकेको छ तर सरकारले दोषी पत्ता लगाउन सकेन् । देशको 'राजा' सहित उनको पूरा परिवारको हत्या हुनु सामान्य कुरा होइन र हुन पनि सक्दैन ।

यस्तो गम्भीर विषयमासमेत सरकार मौन छ । त्यतिबेला दरबार र राजाको सुरक्षाको जिम्मा नेपाली सेनाले लिएको थियो । तर, सेना त चुक्यो । आफ्नै राजा त बचाउन सेनाले सुरक्षा गर्न सकेन भने सेनाले देशको के सुरक्षा गर्छ ? वीरेन्द्रको सन्तान सकिएपछि ज्ञानेन्द्र राजा भए ।

यद्यपि, उनले पनि आफ्नो दाइको हत्यारा खोज्नमा चासो देखाएनन् । २०५८ जेठ १९ गतेभन्दा पछाडि धेरै नेता प्रधानमन्त्री भए । तर, राजा मारेको विषयलाई तिनले हलुकामा लिए । राजा वीरेन्द्रको हत्यारा नेताहरूले सार्वजनिक गर्न सकेनन् कि चाहेनन्, यो त तिनलाई थाहा होला ।

वर्तमान प्रधानमन्त्री दाहालले केही दिनअघि दरबार हत्याकाण्डको छानबिन गर्ने घोषणा गरेका छन् । तर, यो उनको घोषणामै सीमित हुने निश्चित छ । दाहाल बोल्छन्, काम गर्ने त्यस्तै हो । दरबार हत्याकाण्डको दोषी पत्ता लगाउनलाई आँट चाहिन्छ । यो आँट अहिलेका नेताहरूमा देखिँदैन । प्रधानमन्त्री दाहाल त्यो आँट गर्लान् त ?


*- अनुसा थापा, भक्तपुर*

## जानकारी

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# ‘सुशासनको अभियान राजनीतिक दबाबमा रोकिँदैन’



**हिउँमा सुरक्षा गस्ती** | मनाङ डिस्याङ गाउँपालिका–४ स्थित हिउँमा स्थानीयको सुरक्षामा खटिएका पर्वतीय तालिम केन्द्रका सशस्त्र प्रहरी । *तस्बिरः नवीन लामिछाने/रासस*

**कास्की (प्रस)**- उपप्रधान एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले सरकारले चालेको सुशासनको अभियान कुनै पनि हालतमा नरोकिने बताएका छन् । पोखरामा शनिबार आयोजित पत्रकार सम्मेलनमा उनले देशको समृद्धिका लागि सुशासन अनिवार्य सर्त रहेकाले वर्तमान सरकार सुशासन कायम गर्न प्रतिबद्ध रहेको स्पष्ट पारे ।

उनले जनतालाई पनि सरकारले छिटोछिटो काम गरेर देशमा सुशासनका लागि काम गरोस् भन्ने अपेक्षा रहे पनि सबै घटनामा तथ्य प्रमाणले पुष्टि गरेपछि मात्र अनुसन्धान प्रक्रिया अघि बढाइएको बताए ।

उपप्रधानमन्त्री श्रेष्ठले भने, ‘सरकार विधिसम्मत जाँदा कतिपय राजनीतिक सौदाबाजीका आधारमा वा अरु कुनै अवाञ्छित चलखेलका आधारमा सरकारले कुनैमा पनि सम्झौता गर्दैन, त्यसमा हामी प्रस्ट छौं, तर जनतालाई पनि एउटा अपेक्षा छ, जनताको अपेक्षा वा केही आभासका आधारमा मात्र कसैलाई कारबाहीको दायरामा लिन मिल्दैन, तथ्य, प्रमाणले पुष्टि गर्नुपर्दछ ।’

श्रेष्ठले देशले समृद्धिमा फड्को मार्न नसक्नुमा सुशासन स्थापित गर्न नसक्नु रहेकाले वर्तमान सरकारले भ्रष्टाचारको प्रभावकारी नियन्त्रणसहित अन्य कदम चालिरहेको बताए । उनले भ्रष्टाचारमा संलग्नलाई सरकारले कारबाहीको दायरामा ल्याउँदा राजनीतिक दलका नेता, कर्मचारी तथा व्यवसायीले दबाब दिने गरेको उल्लेख गरे ।



उनले यही माघ २४ गते प्रधानमन्त्रीको अध्यक्षतामा बस्ने राष्ट्रिय समन्वय परिषद्को बैठकले प्रहरी समायोजनको काम अघि बढाउने बताए । ‘राष्ट्रिय समन्वय परिषद्को बैठक बसेर समझदारी बनाउने र त्यसका आधारमा समायोजन समिति घोषणा गर्छौं, समितिले समायोजन कार्यक्रम तालिका प्रकाशित गर्ने छ,’ उनले भने ।

## एक्स–रे मेसिन नहुँदा बिरामी समस्यामा

**मुगु-** कर्णाली प्रदेशको विकट हिमाली जिल्ला मुगु अस्पतालमा एक्स-रे मेसिन बिग्रिएर मर्मतको काम नहुँदा बिरामीलाई समस्या भएको छ ।

जिल्लाकै एकमात्र अस्पतालमा रहेको एक्स-रे मेसिनको इमेज क्यासेट बिग्रिएपछि बिरामीलाई एक्स-रे गर्न कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्ला पठाउने गरिएको जिल्ला अस्पतालले जनाएको छ । उक्त एक्स-रे मेसिनको इमेज क्यासेट विद्युतीय भोल्टेज अनियमित भई बिग्रेको जनाएको छ ।

करिब दुई लाख ५० हजार रूपैयाँ रकम खर्च मर्मतमा लाग्ने तथा अस्पतालले रकम व्यवस्थापन गर्नसक्ने भए पनि विद्युतीय भोल्टेजका कारण एक्स-रे मेसिन बिग्रने डरले मर्मत कार्य हुन नसक्दा सामान्य चोटपटकलगायत अन्य बिरामीलाई एक्स-रे गर्न जुम्ला पुग्नुपर्ने बाध्यता रहेको छ ।

जिल्लाका दुरदराजबाट उपचारका लागि जिल्ला अस्पताल आउने बिरामी एक्स-रे मेसिन अभावले अन्योलमा पर्ने गरेका छन् । अस्पतालमा एक महिनादेखि बिग्रिएको एक्स-रे मेसिन मर्मत कार्यका लागि पहल भइरहेको जिल्ला स्वास्थ्य कार्यालयका निमित्त स्वास्थ्य सेवा व्यवस्थापक डा. कमल ढुंगानाको भनाइ छ ।

उनकाअनुसार मुगुको विद्युत्को भोल्टेज स्थिर नहुँदा अस्पतालका धेरै मेसिन उपकरण बिग्रिएर थन्क्याइएको छ । एक्स-रे मेसिन यसरी विद्युत् भोल्टेज स्थिर नभएर नै बिग्रिएको ढुंगानाले बताए । उनले लाखौं रूपैयाँ खर्च गरेर एक्स-रे मेसिन बनाएर विद्युत्का कारणले बिग्रिहाल्ने बताए ।

केही दिनपछि अस्पताल हाताभित्र विद्युतीय ट्रान्सफर्मर जडान गरिने र मेसिन चलाउनसक्ने विद्युत्को भोल्टेज पुगेपछि एक्स-रे मेसिन मर्मत गरी सञ्चालन गरिने निमित्त स्वास्थ्य प्रमुख ढुंगानाले बताए। मेसिन चलाउन २२० भोल्ट विद्युत्को आवश्यकतापर्ने गरेको र हालको विद्युत्को भोल्टेज अपुग छ । विद्युतीय भोल्टेज बढाउने ट्रान्सफर्मर खरिदको प्रक्रिया पूरा भएपछि एक्स-रे सञ्चालन हुने स्वास्थ्य व्यवस्थापक डा. ढुंगानाले बताए ।

जिल्ला अस्पतालबाहेक एक्स-रेको कुनै विकल्प मुगुमा नभएपछि यहाँका बिरामीलाई जुम्ला जान आउन सवारीसाधनको भाडा र होटल खर्च गरी न्यूनतम सात हजार रूपैयाँभन्दा बढी रकम लाग्ने गरेको छ। वि.सं. २०६३ मा जिल्लाका साविकका गम, सोरू, खतेड र करान भेगका जनतालाई स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले १५ शयाको अस्पताल सञ्चालनमा आएको थियो ।

जिल्ला अस्पताल बिरामीका लागि अझै व्यवस्थित र भरपर्दो हुन सकेको छैन । कोरियन सरकारले अस्पतालका आवश्यक उपकरणसहित भौतिक पूर्वाधार निर्माण गरिदिए पनि आन्तरिकरूपमा जनशक्ति अभाव, फार्मेसी सेवा सञ्चालन र रक्तसञ्चार केन्द्र नहुँदा बिरामी मर्कामा पर्दै आएका छन् । *रासस*

## जिप दुर्घटनामा परी दुई जनाको मृत्यु

**अर्घाखाँची (प्रस)**- अर्घाखाँचीको ढाकावाङमा जिप दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ । उक्त दुर्घटनामा थप दुई जना घाइते भएका छन् ।

भूमिकास्थान नगरपालिका-२ को ढाकावाङ थापाडाँडामा लु१ज १६७९ नम्बरको जिप शनिबार बिहान दुर्घटना भएको हो । दुर्घटनामा भूमिकास्थान-२ मुलटंकिका ३४ वर्षीय देवा बेल्वासे र सन्धिखर्क-८ खापडाँडाकी ४२ वर्षीया डेमकला बेल्वासे आचार्यको मृत्यु भएको प्रहरी नायव उपरीक्षक प्रतीतसिंह राठोरले जानकारी दिए । दुर्घटनाको कारणबारे अनुसन्धान भइरहेको उनले बताए ।

ढाकावाङबाट सन्धिखर्कका लागि छुटेको जिप सडकबाट करिब १५० मिटर तल खसेको स्थानीय टेकराज भुसालले बताए । दुर्घटनामा पणेना-१ की कपिला खनाल पोखेल र शर्मिक पोखेल घाइते भएका छन् । उनीहरूको सन्धिखर्कमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

## मेथिनकोट प्रादेशिक अस्पतालमा ‘ब्लड बैंक’ स्थापना

काभ्रेपलाञ्चोक (प्रस)- नमोबुद्ध नगरपालिकास्थित मेथिनकोट प्रादेशिक अस्पतालले भर्ना भएका बिरामीलाई आवश्यक पर्ने रगत निःशुल्क उपलब्ध गराउन ‘ब्लड बैंक’को सुरुआत गरेको छ ।

बागमती प्रदेश सरकारले २०७९ चैतमा तयार गरेको कार्यविधिअनुसार जिल्ला स्वास्थ्य कार्यालयले मेथिनकोट अस्पतालमा भर्ना भएका बिरामीका लागि आवश्यक पर्ने रगत निःशुल्क उपलब्ध गराउन सम्झौता गरेअनुसार ब्लड बैंकको स्थापना गरिएको जनाइएको छ ।

उक्त ब्लड बैंकको नगरपालिकाका प्रमुख कुन्साङ लामाले बिहीबार एक कार्यक्रमबीच शुभारम्भ गरेका हुन् । अस्पतालले ब्लड बैंकका लागि आवश्यक पूर्वाधार व्यवस्थापन नभएका कारण करिब एक वर्ष ढिला भएको जनाएको छ । चालु आर्थिक वर्षको छ महिनापछि बिहीबारदेखि अस्पतालमा भर्ना भएका बिरामीका लागि आवश्यक पर्ने रगत निःशुल्क उपलब्ध गराउन थालिएको हो ।

अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. मधुकर दाहालका अनुसार ब्लड बैंक सञ्चालनसँगै आकस्मिक रूपमा दुर्घटना भएका बिरामीका लागि तथा अन्य अवस्थामा बिरामीलाई सहज हुने अपेक्षा गरिएको छ । ब्लड बैंकको स्थापनापछि सबै प्रकारका रोगको रगत परीक्षण तथा अन्य सेवा उपलब्धसमेत गराउने उद्देश्य रहेको उनले बताए ।

यस्तै अस्पतालमा ओपिडी, आकस्मिक तथा शल्यक्रियासहितको सेवा सुरु भइसकेको छ । मिर्गौला रोगीका लागि डायलासिस सेवालाई पनि निरन्तरता दिइएको छ । विसं २०६६ मा स्थापित अस्पतालमा हाल दैनिक १०० भन्दा धेरै बिरामीलाई सेवा दिने गरिएको छ । अस्पतालले आगामी फागुन ५ गते आफ्नो स्थापनाको अवसरमा सिटी स्क्यान सेवा सुरु गर्ने योजना बनाएको छ ।


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : XINDA PACKING (MALAYSIA) SDN BHD

पूर्व स्वीकृति मिति २०८०/१०/१९ | LT. No. 299335 | चलानी नं. ६०२१४२७५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | factory worker | 30 | 0 | 1500 | ४२,४६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ २८ गते (11rd Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

BIGYAN Govt. License 1503/074/75

BIGYAN HR MANAGEMENT PVT. LTD.

Chandol - 4 Chapalkharkhana, Kathmandu, Tel.-014522477, 014523477



# Balan Bihul Rural Municipality

## Office of the Rural Municipal Executive

Malhaniya, Saptari

## INVITATION FOR BIDS

***Date of Publication: B.S. 2080/10/21 (4th Feb, 2024)***

1. **Balan Bihul Rural Municipality**, Office of the Rural Municipal Executive, Malhaniya, Saptari invites electronic bids from eligible bidders for following works under National Competitive Bidding process:

| S. N. | Contract No. | Description of Work | Total Estimated Amount without VAT (NRs.) | Bid Security Amount (NRs.) | Price of Bid Document NRs | Bid Purchase Deadline | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|
| 1. | NCB/ BBRM/ Works/01/ 2080/081 | Construction work for incomplete ward no. 3 office building | 49,89,443.15 | 1,50,000.00 Total 120 Days of validity | 3,000.00 (Non-Refundable) | 5th March 2024 During office hours | 6th March 2024 At 14:00 hours |

Bidder must submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system ***www.bolpatra.gov.np/egp***. Bidders, submitting their bid electronically, should deposit the non-refundable bid document fee NRs 3,000/- as a cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below. Information to deposit the cost of bidding document in Bank:

| Account Details to furnish the Bid Purchase Fee amount: | Account Details to furnish the Bid Security amount: |
|---|---|
| Name of the Bank: Laxmi Sunrise Bank Limited<br>Name of Office: Balan Bihul Rural Municipality<br>Office Account no.: 09103000045<br>Rajaswa (revenue) Shirshak no.: AANTRIK RAJASHWO KHATA | Account Name: STHANIYA DHARAUTI KHATA<br>Bank Name: Laxmi Sunrise Bank Limited<br>Bank Address: Balan Bihul Rural Municipality<br>Account Number: 09103000191 |

2. Bidders must submit their bid with updated Firm Registration, VAT/PAN certificate, Updated VAT, Tax clearance certificate. otherwise bid shall be non-responsive. Eligible Bidders may obtain further information at Balan Bihul Rural Municipality, Office of the Rural Municipal Executive, Malhaniya, Saptari, or may visit PPMO website ***(www.bolpatra.gov.np/egp)***.
3. Employer Name:
   Balan Bihul Rural Municipality
   Location : Malhaniya, Saptari
   Attention: Chief Administrative Officer
   Balan Bihul Rural Municipality
   Email : ***info@balanbihulmun.gov.np, balanbihulrm@gmail.com***

**Customs Officer**

प्रभाव दैनिक




## गोधुलीको 'नयनले खोजी' सार्वजनिक

करिब एक दशकदेखि लेखनमा सक्रिय गीतकार हिमांशु रायमाझी 'गोधुली'को शब्द रहेको नयाँ गीत 'नयनले खोजी' सार्वजनिक भएको छ । गीतमा गायक फिरोज बस्नेतको स्वर तथा संगीत रहेको छ भने दिक्षित पौड्यालले संगीत संयोजन गरेका छन् । गीतको भिडियोमा अनिमा विश्वकर्मा, ईश्वर श्रेष्ठ, दिब्यान्स सिक्देल, सोरा कार्कीको अभिनय देख्न सकिन्छ । भिडियोको छायांकन विशाल थापाले गरेका हुन् भने भिडियो सम्पादन तथा कलरिङ्ग नकुल खड्काले गरेका हुन् । भिडियोको निर्देशन दिलीप समनले गरेका हुन् ।





# मिस नेपाल नर्थ अमेरिकाका लागि आवेदन खुल्यो




■ प्रभाव संवाददाता

**काठमाडौं–** मिस नेपाल नर्थ अमेरिकाको छैटौं संस्करणको आयोजना मिति घोषणा भएको छ । आयोजक ड्रीम्स युनिभर्सल एलएलसीले आवेदन खुला गर्दै प्रतियोगिताको फिनाले साउन १९ गते (अगस्ट ३)मा हुने जनाएको हो ।

अमेरिकाको आर्थिक सहर न्यूयोर्कमा हुने यो ब्युटी पेजेन्टका लागि शनिबारदेखि आवेदन खुला भएको जनाइएको छ । आयोजक प्रमुख शैलेन्द्र श्रेष्ठले अमेरिका र क्यानडामा बसोबास गर्दै आएका १८ देखि २९ वर्षसम्मका नेपाली अविवाहित युवतीले प्रतियोगितामा भाग लिन सक्ने जनाए ।

'ट्रान्सवुमन'ले पनि सहभागि हुने अवसर पाउनेछन् । नर्थ अमेरिकाको विजेतालाई हिडन ट्रेजरसँगको सहमतिअनुसार आगामी मिस नेपालको प्रतिस्पर्धामा सीधा छनोटको मौका हुनेछ । पर्यटन बोर्डको सद्भावना दूतको रूपमा पनि नियुक्त हुने मौका मिल्नेछ । गतवर्ष जुब्ली शेर्पाले त्यो अवसर प्राप्त गरेकी थिइन् ।

यसवर्षको संस्करणमा कोरियोग्राफरको रूपमा पूर्वमिस नेपाल तथा टेलिभिजन पर्सनालिटी सदीक्षा श्रेष्ठ रहने भएकी छन् । यसअघि अभिनेत्री प्रियंका कार्की, स्वस्तिमा खड्का, पूर्वमिस नेपाल श्रृंखला खतिवडा, मिस नेपाल इन्टरनेसनल नीति शाह, सेलिब्रेटी सहाना बज्राचार्य लगायत पनि कोरियोग्राफर रहिसकेका छन् । यसवर्षको संस्करणको मुख्य प्रायोजकमा हेल्दी च्वाइस एस्थेटिक हस्पिटल रहने भएको छ । सन् २०१७ देखि मिस नेपाल नर्थ अमेरिकाको इतिहास सुरु भएको हो । पहिलो उपाधि मोनिका घलेले जितेकी थिइन् ।

## 'पार्वती' बनाउँदै निर्देशक सुवेदी

**काठमाडौं (प्रस)–** चलचित्र पत्रकार तथा निर्देशक लक्ष्मण सुवेदीको निर्देशनमा नयाँ चलचित्र 'पार्वती' बन्ने भएको छ । सुवेदीले जन्मदिनको अवसर पारेर चलचित्र निर्माण घोषणा गरेका हुन् । सुवेदीकै लेखन र निर्माण समेत रहने चलचित्र सामाजिक प्रेमकथामा बन्न लागेको हो ।

सुवेदी निर्देशित पछिल्लो चलचित्र 'सतीदेवी' सेन्सर पास भएर प्रदर्शनको तयारीमा छ । 'सतीदेवी' मा बाबु छोरीको सम्बन्धको कथा उठाएका सुवेदीले यस चलचित्रले प्रेमकथा उठाउने बताए । चलचित्रको टाइटल डिजाइनमा दुई युवतीको छायालाई देखाइएको छ। यो अर्थपूर्ण रहेको सुवेदीको धारणा छ ।

सामाजिक कथामा निर्माण हुने चलचित्रको छायाङ्कन जेठ महिनामा गर्ने तयारी रहेको सुवेदीले बताए। दिलासा र सारा सुवेदीको प्रस्तुति रहेको चलचित्रको निर्मातामा श्रीदेवी सुवेदी हुन्।

गोल्डेन स्टेट मुभी मेकर्स एलएलसी क्यालिफोर्नियाको सहकार्यमा दिलासा क्रिएसनको प्रस्तुति रहने चलचित्रको प्रदर्शन २०८१ सालको महाशिवरात्रीमा गर्ने तय गरिएको छ । चलचित्रको वितरण श्रीराम बालाजी फिल्म्सका सुनिल मानन्धरले गर्नेछन् ।

नेपाली र अंग्रेजी भाषामा बन्ने चलचित्रमा अभिनय गर्ने कलाकार तथा अन्य प्राविधिकहरूको बारेमा भने अहिले खुलाइएको छैन। 'गाउँले केटी मो' स्लोगन दिइएको चलचित्र 'पार्वती' नारी प्रधान कथामा बन्नेछ ।

# धरानमा 'गोर्खा वारियर'को प्रिमियर हुँदै

■ प्रभाव संवाददाता



**काठमाडौं–** रिलिज मिति नजिकिँदै गएको अन्तर्राष्ट्रिय चलचित्र गोर्खा वारियरको धरानमा प्रिमियर हुने भएको छ । ११ फागुनबाट रिलिज हुने यो चलचित्रको त्यस अघि ५ फागुनमा धरानमा प्रिमियर गर्न लागिएको हो । प्रिमियर आयोजक समितिले धरानको अहिलेसम्मकै बिशिष्ट प्रिमियरको रूपमा गोर्खा वारियरको प्रिमियर गर्न लागेको जनाएको छ ।

धरानको प्रिमियरबारे यो चलचित्रका निर्देशक मिलन चाम्सले भने,'पूर्व ब्रिटिस आर्मी तथा ब्रिटिस आर्मीहरूको धेरै बसोबास भएको धरानमा हामीलाई प्रिमियरको लागि बारम्बार आग्रह आएका कारण हामीले त्यहाँ प्रिमियर गर्न लागेका हौं । धरानको प्रिमियर बनाईने र त्यसमा पूर्व पाँचथर, इलाम, झापा, मोरङ, सुनसरी, उदयपुरका पूर्व ब्रिटिस आर्मीहरू सहभागी हुने तयारी गरिरहनु भएको छ ।'

सो प्रिमियरको आयोजनाबारे उनले थपे, 'प्रिमियरको लागि हामीले यही २३ गते धरानमा पत्रकार सम्मेलन गरेर सो क्षेत्रमा थप जानकारी गराउँदैछौं । प्रिमियर तयारी समितिले एक दर्जन भन्दा बढी विभिन्न जातजातिको जातीय पोशाक र बाजागाजा सहित गोर्खा वारियरको ब्यारन बोकेर धरान शहरमा र्‍याली गरेर सो टोली प्रिमियरमा सहभागी हुनेछ ।' अन्य शहरबाट पनि र्‍याली सहित प्रिमियरमा ब्रिटिस आर्मीहरू आउने पनि उनले जानकारी गराए ।

सो प्रिमियरमा ब्रिटिस गोर्खा आर्मीसँगै नेपाल आर्मी, शसस्त्र प्रहरी बल, नेपाल प्रहरीका उच्च पदाधिकारीहरू, विभिन्न सरकारी निकायका उच्च पदाधिकारीहरू, स्थानीय सरकारका प्रमुखहरू एवम् त्यहाँका विशिष्ट व्यक्तित्वहरू सहभागी हुने पनि चाम्सले जनाएका छन् । उनका अनुसार नेपालको लागि यो पहिलो प्रिमियर भएकाले यसलाई तुल्याईने छ । धरान यसपछि अन्य शहरमा पनि यस्तै प्रिमियर गरिने र सोबारे केही दिन भित्रै जानकारी गराउने पनि निर्देशक चाम्सले जानकारी गराए ।

यस अघि गोर्खा वारियरको बेलायतमा रेडकार्पेट प्रिमियर सम्पन्न भएको थियो। हलिउड फिल्मको प्रिमियर केन्द्र मानिएको लिसेस्ट स्क्वायर लन्डनको प्रतिष्ठित आइम्याक्स सिनेवर्ल्डमा गत भदौ २४ गते अन्तराष्ट्रिय प्रिमियर गरिएको थियो । सो प्रिमियरमा दर्शकको व्यापक प्रसँसा पाएपछि नेपालसहित विभिन्न देशबाट यो चलचित्रको प्रिमियरको लागि उच्च माग बढेको छ । यसै क्रममा ५ फागुनमा धरानमा प्रिमियर गर्न लागिएको निर्देशक चाम्सले जानकारी गराएका छन् ।

गत साता यो चलचित्रको ट्रेलर रिलिज गरेपछि गोर्खा वारियरको 'हाईप' ह्वात्तै बढेको छ । त्यसो त हालै गोर्खा वारियरले हालै 'ब्रिटिश एकेडेमी अफ फिल्म एण्ड टेलिभिजन आर्टस्' (बाफ्टा) अवार्डका लागि प्रवेश पाएपछि यसको चर्चा त्यत्तिकै बढेको थियो ।

गोर्खा वारियर नेपाली, हिन्दी, अँग्रेजी र कोरियनगरी चार भाषामा निर्माण भएको छ । यो चलचित्रको नेपाली संस्करण तयार भईसकेको छ भने हिन्दी, कोरियन र अँग्रेजी सँस्करणको निर्माण पनि अन्तिम अबस्थामा पुगेको छ ।

गोर्खा वारियरमा निर्देशक मिलन चाम्स र गिरिराज घिमिरेको लेखन रहेको छ । यसमा रितेश चाम्स, विजय लामा, रेविका गुरुङ, शिशिर बाङ्देल, कविता आले, रियर राई, बिरूप घले, सारा राईलगायतका कलाकार हरूले अभिनय गरेका छन् । यही चलचित्रबाट नायकमा डेब्यु गरेका रितेस चाम्स आफैं ब्रिटिस गोर्खा आर्मीसँगै पाईलट पनि हुन् ।

यो चलचित्र लन्डन सिनेआई प्रोडक्सनको प्रस्तुति र चाम्स इन्टरटेनमेन्टको सहकार्यमा निर्माण भएको हो । गोर्खा वारियरको निर्मातामा सुमन राई, सुस्मिता वाइवा छन् । यसको कार्याकारी निर्मातामा प्रशान्त थापा, राजेन्द्र घिमिरे एवम् सहनिर्मातामा सुरेश राई रहेका छन् ।

यो चलचित्रको गीत शैलेन्द्र खनाल 'शरद'ले लेखेका हुन् भने सो गीतमा एलिस कार्कीको संगीत, राजेशपायल राईको गायन रहेको छ । फिल्मलाई राजेन्द्र मोक्तानको रंग संयोजन गरेका छन् । यो चलचित्रमा हिमाल केसीको द्वन्द्व निर्देशन, मिलन श्रेष्ठको सम्पादन, सुदीप बरालको डीओपी छ ।



**आहा रारा गोल्डकप**

# थ्रीस्टारलाई स्तब्ध पार्दै आर्मी बन्यो च्याम्पियन




■ प्रभाव संवाददाता

**पोखरा–** विभागीय टोली त्रिभुवन आर्मी क्लबले पहिलोपटक आहा रारा पोखरा गोल्डकपको उपाधि जितेको छ । शनिबार भएको खेलमा थ्रीस्टार क्लबलाई ३-० गोल अन्तरले हराउँदै आर्मीले उपाधि जितेको हो ।

पोखरा रंगशालमा भएको खेलमा आर्मीलाई जित दिलाउन जिलेस्पी जंग कार्की, फत्तेमान घले र बसन्त जिम्बाले एक-एक गोल गरे । खेलको ३८ औं मिनेटमा जिलेस्पीले गोल गर्दै आर्मीलाई अग्रता दिलाए । पहिलो हाफमा १-० गोलको अग्रता बनाएको आर्मीले दोस्रो हाफमा थप दुई गोल गर्न सफल भयो ।

खेलको ८३औं मिनेटमा घलेले गोल गर्दै आर्मीको अग्रता २-० को बनाए । खेलको अतिरिक्त समयमा बसन्तले गोल गर्दै आर्मीलाई ३-० गोलको जित दिलाए । आर्मी यसभन्दा अघि चार पटक फाइनलमा प्रवेश गरेको थियो । आर्मीले अहिलेसम्म उपाधि भने जित्न सकेको थिएन ।

च्याम्पियन बनेसँगै आर्मीले विधागत पुरस्कारमा वर्चश्व कायम गरेको छ । आर्मीले वर्षोत्कृष्ट खेलाडीसहित ६ विधाबाट पुरस्कृत भएको छ । आर्मी बेस्ट प्लेयरसहित डिफेन्डर, फरवार्ड, मिडफिल्डर, गोल रक्षक र प्रशिक्षक विधामा उत्कृष्ट ठहरियो । आर्मीका विमल पाण्डे खेलकै उत्कृष्ट खेलाडी घोषित भए । उनले बेस्ट प्लेयर अवार्डसँगै टेल्जी स्कुटर प्राप्त गरे । उनी प्रतियोगिताको बेस्ट डिफेन्डर अवार्ड पनि पाएका छन् ।

आर्मीकै दिनेश हेन्जन ३ गोलसहित जारी प्रतियोगिताको सर्वाधिक गोलकर्ता बने । आर्मीकै विमल पाण्डे बेस्ट डिफेन्डर बन्दा जिलेप्सीजंग कार्की बेस्ट फरवार्ड बने । त्यस्तै, आर्मीलाई पहिलो पटक आहाराराको उपाधि जिताएका प्रशिक्षक मेघराज केसी उत्कृष्ट प्रशिक्षक घोषित भएका छन् ।

आर्मीकै भरत खवास र थ्रीस्टारका गोल रक्षक पब्लिक च्वाइस अवार्ड पाउँदा आर्मीका गोल रक्षक समित श्रेष्ठ प्रतियोगिताकै उत्कृष्ट गोल रक्षक बनेका छन् ।

प्रतियोगितामा फेयर प्ले अवार्ड र बेस्ट मिडफिल्डर अवार्डमात्रै आर्मी बाहेकको टिमले जित्यो । फेयर प्ले अवार्ड जावलाखेल युथ क्लबले जितेको छ भने बेस्ट मिडफिल्डर थ्रीस्टारका विवेक पौडेल बनेका छन् ।

शीर्ष उपाधि विजेता त्रिभुवन आर्मी क्लबले १२ लाख १ हजार रूपैयाँ प्राप्त गरेको छ भने उपविजेता बनेको थ्रीस्टार क्लबले ६ लाख १ हजार रूपैयाँ प्राप्त गरेको छ ।

**पिएम कप क्रिकेट**

# पुलिस बन्यो च्याम्पियन

■ प्रभाव संवाददाता




**काठमाडौं–** प्रधानमन्त्री कप राष्ट्रिय क्रिकेट प्रतियोगिताको उपाधि नेपाल पुलिस क्लबले जितेको छ । कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा शनिबार भएको फाइनलमा पुलिसले अर्को विभागीय टोली त्रिभुवन आर्मी क्लबलाई ६ विकेटले पराजित गर्‍यो ।

उपाधि जितेको पुलिसले रु १० लाख प्राप्त गर्‍यो भने उपविजेता आर्मीले रु पाँच लाख प्राप्त गर्‍यो ।

आर्मीले दिएको एक सय ८२ रनको सामान्य लक्ष्य पुलिसले ३५ दशमलव पाँच ओभरमा चार विकेटको क्षतिमा पूरा गर्‍यो । पुलिसका लागि शंकर रानाले ४३ बलमा पाँच चौका र छ छक्काको मद्दतमा ६२ रन बनाए । यस्तै आरिफ शेखले २७, अमित श्रेष्ठले २८ र कुशल भुर्तेलले १४ रन बनाए ।

आर्मीका लागि जितेन्द्र मुखिया, कुशल मल्ल, सहाब आलम र बसिर अहमदले समान एक/एक विकेट लिए ।

टस हारेर पहिले ब्याटिङको निम्तो पाएको आर्मीले ४९ दशमलव पाँच ओभरमा सबै विकेट गुमाउँदै एक सय ८१ रनको योगफल बनाएको थियो । उसका लागि विवेक यादवले ८१ बलमा सात चौका र एक छक्काको मद्दतले ६३ रन बनाए । यसैगरी सोमपाल कामीले ३९, इमरान शेखले २८, कुशल मल्लले १७ तथा जितेन्द्र मुखियाले अविजित १६ रन बनाए ।

पुलिसका लागि दीपेन्द्रसिंह ऐरी र ललितनारायण राजवंशीले समान तीन/तीन विकेट लिए भने सागर ढकाल, कुशल भुर्तेल र करण केसीले समान एक/एक विकेट लिए ।

# एपिएफ बन्यो मुख्यमन्त्री कपको विजेता

■ प्रभाव संवाददाता



**कैलाली–** विभागीय टिम एपिएफ क्लबले तेस्रो संस्करणको मुख्यमन्त्री राष्ट्रिय पुरुष भलिबल प्रतियोगिताको उपाधि जितेको छ ।

शनिबार गण्डकी प्रदेशलाई ३-१ को सेटमा हराउँदै एपिएफले प्रतियोगिताको उपाधि उचालेको हो । पहिलो सेट २५-२१ ले हात पार्दै गण्डकीले खेलमा उत्कृष्ट सुरुवात गरेको थियो । तर पहिलो सेटको लयलाई गण्डकीले कायम राख्न सकेन ।

एपिएफले लगातार तीन सेटमा जित निकाल्दै फाइनलको उपाधि जित्न सफल भयो । दोस्रो सेट २५-१६ ले जितेको एपिएफले तेस्रो सेट २६-२४ र चौथों सेटमा २५-२१ ले जित निकाल्न सफल भएको थियो । उपाधि सहित एपिएफले चार लाख रूपैयाँ सहित ट्रफी प्राप्त गर्‍यो । उप विजेता बनेको गण्डकीले दुई लाख रूपैयाँमा चित्त बुझायो ।

तेस्रो स्थानका लागि भएको खेलमा आर्मीलाई हराउँदै पुलिस तेस्रो बन्यो । पुलिसले समेत आर्मीलाई ३-१ कै सेटमा हराएको हो । तेस्रो बनेको पुलिसले १ लाख रूपैयाँ प्राप्त गर्‍यो ।

प्रदेश खेलकुद परिषद् सुदूरपश्चिमले आयोजना गरेको प्रतियोगिताको व्यवस्थापन कन्चनपुर जिल्ला भलिबल संघले गरेको थियो । प्रतियोगिताको आयोजनाबाट सुदूरपश्चिम प्रदेश सहित राष्ट्रिय स्तरका खेलाडीले एक्सपोजर प्राप्त गर्ने सदस्य सचिव दिपक सिंहले बताए ।

प्रतियोगितामा तीन विभागीय सहित ७ प्रदेश गरि १० टिमको सहभागीता रहेको थियो ।



**हिउँ जमेको सडक** | उत्तरपूर्वी चीनको हेइलोङजियाङ प्रान्तको हेइहेको शुन्के काउन्टीस्थित पिङताई गाउँमा हिउँ परेपछि सेताम्य भएको बेला शुक्रबार ड्रोनबाट लिइएको तस्बिर, जहाँ हिउँ जमेको सडकमा बस गुडिरहेको देखिन्छ। *तस्बिरः सिन्ह्वा*

# सुनको विश्वव्यापी माग उच्च बिन्दुमा

**बेइजिङ-** सन् २०२३ मा ओभर-द-काउन्टर र स्टक फ्लोसहित विश्वव्यापी सुनको कूल माग गत वर्ष चार हजार ८९९ टन रहेको छ । वर्ल्ड गोल्ड काउन्सिलले सार्वजनिक गरेको प्रतिवेदनअनुसार सन् २०२३ मा केन्द्रीय बैंकहरूको माग एक हजार ३७ टन पुगेको छ, जुन इतिहासकै दोस्रो उच्च हो ।

विश्वव्यापी सुनजन्य सामान विनिमय व्यापार कोष (इटिएफ)ले सुनको मागमा लगातार वृद्धि भइरहेको अवस्थामा यसको कारोबारमा पनि वृद्धि देखिएको हो ।

सन् २०२३ मा सुनको विनिमयमा २४४ टन बढी रेकर्ड भएको उल्लेख छ । यसको विपरीत, चिनियाँ बजारमा गत वर्ष १० टन सुनको इटिएफको प्रवाह देखिएको थियो, जसले २०२३ को अन्त्यसम्ममा सुनको इटिएफको कूल नियन्त्रण ६१.५ टनमा ल्याएको थियो ।

सुनको बार र सिक्काको विश्वव्यापी माग वार्षिकरूपमा तीन प्रतिशतले घटेको छ भने गहनाको खपतको माग दुई हजार ९३ टन पुगेको छ। चीनको आर्थिक सुधारले विश्व बजारमा सुनका गहनाको माग बढाएको छ ।

'चीनको आर्थिक सुधारले सुनका गहनाहरूको मागलाई बढावा दिएको छ, र देश विश्वव्यापी सुनका गहना बजारको लागि एक महत्त्वपूर्ण आकर्षण बनेको छ,' रिपोर्टमा भनिएको छ ।

गत वर्ष विश्वमा सुनको आपूर्ति तीन प्रतिशतले बढेको थियो । सन् २०२३ मा सुनखानीको उत्पादन एक प्रतिशतले वृद्धि भई तीन हजार ६४४ टन पुगेको प्रतिवेदनमा उल्लेख छ । *रासस⁄सिन्ह्वा*

# मेक्सिकोको पुएब्ला राज्यबाट २५ सय आप्रवासीको उद्धार

**मेक्सिको (सिटी)-** मेक्सिकोका अधिकारीहरूले जनवरीमा पुएब्ला राज्यमा दुई हजार ५०१ विदेशी आप्रवासीको उद्धार गरेको 'नसनल माइग्रेसन इन्स्टिच्युट'ले शुक्रबार जनाएको छ ।

इन्स्टिच्युटले जारी गरेको विज्ञप्तिमा संघीय, राज्य र नगरपालिका स्तरका अधिकारीहरूको समन्वयमा सयौं आप्रवासीको उद्धार गरिएको जनाएको छ ।

ती आप्रवासी ल्याटिन अमेरिका, अफ्रिका र एसियाका ३६ वटा देशबाट आएका थिए । 'सहायता प्राप्त गर्ने व्यक्तिमा ३०६ महिला र ९८९ वयस्क पुरुषहरू छन् । उनीहरू एक्लै यात्रा गरिरहेका थिए, र २९२ परिवारको समूहमा एक हजार २०५ जना र एक किशोरी रहेका छन्,' विज्ञप्तिमा भनिएको छ । महान्यायाधिवक्ताको कार्यालयले मानव बेचबिखनको सम्भावित अपराधका लागि अनुसन्धान सुरु गरेको छ ।

यसैबीच मानव बेचबिखनको सम्भावित अपराधका लागि पाँचजना मेक्सिकोका नागरिकलाई अपराधमा संलग्न भएको आरोपमा मुद्दा चलाइएको छ । *रासस⁄सिन्ह्वा*

# इराक र सिरियामा अमेरिकाको हवाई आक्रमण

**वासिङ्टन-** जोर्डनस्थित अमेरिकी सैन्य शिविरमा भएको घातक आक्रमणको बदलामा अमेरिकाले इराक र सिरियामा आक्रमण सुरु गरेको अमेरिकी सञ्चारमाध्यमले शनिबार जनाएका छन् ।

एबिसी न्युजले एक अमेरिकी अधिकारीलाई उद्धृत गर्दै भनेको छ, 'जोर्डनस्थित अमेरिकी सैन्य शिविरमा आइतबार ड्रोन आक्रमण गरेपछि इरान समर्थित लडाकुविरुद्ध जवाफी हवाई आक्रमण हुनसक्ने सम्भावना छ ।'

अमेरिकी समाचार संस्था एपीका अनुसार मानवसहित र मानवरहित विमानले कमाण्ड एण्ड कन्ट्रोल हेडक्वार्टर, गोलाबारुद भण्डारण र अन्य सुविधामा आक्रमण गरेका छन् । ह्वाइट हाउसले ड्रोन आक्रमणका लागि 'इस्लामिक रेजिस्टेन्स इन इराक' नामक छाता समूह जिम्मेवार रहेको बताएको छ ।

रणनीतिक सञ्चारका लागि राष्ट्रिय सुरक्षा परिषद्का संयोजक जोन किर्बीले ह्वाइट हाउसको नियमित पत्रकार सम्मेलनमा ४० जनाभन्दा बढी अमेरिकी सैनिक घाइते भएको उक्त घटना 'इस्लामिक रेजिस्टेन्स इन इराक' ले स्रोत साधन र सहयोग गरेको योजनाबद्ध आक्रमण भएको बताएका छन् ।

संयुक्त राज्य अमेरिकाले इजरायल-हमास द्वन्द्वपछि यस क्षेत्रमा अमेरिकी सैनिक र सैन्य सुविधाहरूमा बारम्बार आक्रमण गरेको आरोप लगाउँदै आएका कातैब हिजबुल्लाह सिरिया र इराकमा सक्रिय एक लडाकु समूह हो जसलाई संयुक्त राज्य अमेरिकाले इजरायल-हमास द्वन्द्वपछि यस क्षेत्रमा अमेरिकी सैनिक र सैन्य सुविधाहरूमा बारम्बार आक्रमण गरेको आरोप लगाउँदै आएको छ । *रासस⁄सिन्ह्वा*

# पाकिस्तानको निर्यात १२ प्रतिशतले बढ्यो

**इस्लामावाद-** चालु आर्थिक वर्ष (सन् २०२३ जुलाईदेखि सन् २०२४ जुनसम्म) को पहिलो सात महिनामा पाकिस्तानको निर्यात करिब १७.८ अर्ब अमेरिकी डलर पुगेको छ । यो १२ प्रतिशतको वृद्धि भएको देशको वाणिज्य मन्त्रालयले जनाएको छ ।

सोही अवधिमा आयात १६ प्रतिशतले संकुचित भएको, अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा व्यापार घाटामा ३९ प्रतिशतले कमी आएको मन्त्रालयले बिहीबार विज्ञप्तिमार्फत जनाएको छ ।

विज्ञप्तिअनुसार सन् २०२४ जनवरीमा निर्यात गत वर्षको सोही महिनाको तुलनामा २६.९ प्रतिशतले बढेको छ भने आयातमा ४.५ प्रतिशतले गिरावट आएको छ ।

पाकिस्तानको विश्वव्यापी व्यापारमा सकारात्मक प्रवृत्तिले देशले अन्तर्राष्ट्रिय व्यापार निरन्तर विस्तार भइरहेको पाकिस्तानी वाणिज्यमन्त्री गौहर एजाजलाई उद्धृत गर्दै विज्ञप्तिमा उल्लेख गरिएको छ । यस्ता सकारात्मक प्रवृत्तिहरूले व्यापार तथा आर्थिक वृद्धिलाई प्रवर्द्धन गर्ने सरकारको अटुट प्रतिबद्धतालाई प्रतिबिम्बित गर्ने उनले बताए । *रासस⁄सिन्ह्वा*

# कैदी परेवा आठ महिनापछि रिहा

**नयाँदिल्ली-** चिनियाँ जासुस भएको आरोपमा 'पक्राउ गरी' भारतीय प्रहरी हिरासतमा आठ महिना राखिएको एउटा परेवालाई सिफाइपछि रिहा गरिएको छ ।

टाइम्स अफ इन्डियाका अनुसार आर्थिक राजधानी मुम्बईको एक बन्दरगाहमा पखेटामा 'चिनियाँ जस्तो लिपिमा लेखिएको सन्देश'सहित उक्त चरा समातिएको थियो ।

'सुरुमा प्रहरीले चराविरुद्ध जासुसी गरेको आरोपमा मुद्दा दर्ता गरेको थियो, तर अनुसन्धान पूरा भएपछि उनीहरूले आरोप फिर्ता लिएका थिए,' रिपोर्टमा भनिएको छ ।

अज्ञात चरालाई सहरको एक अस्पतालमा थुनेर राखिएको थियो भने प्रहरीले अनुसन्धान गरिरहेको थियो । पिपुल फर द एथिकल ट्रिटमेन्ट अफ एनिमल्स (पेटा) को भारतीय कार्यालयले बिहीबार जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'यो अनुसन्धानमा आश्चर्यजनक आठ महिना लागेको छ ।'

पेटा इन्डियाका अनुसार प्रहरीले बुधबार अस्पताललाई परेवा छोड्न औपचारिक अनुमति दिएको छ । स्थानीय सञ्चारमाध्यमका अनुसार उक्त चरा स्वस्थ अवस्थामा रिहा भएको छ ।

जासुसीको आरोपमा भारतीय अधिकारीहरूले हिरासतमा लिएका कयौंमध्ये यो पछिल्लो परेवा हो । सन् २०१६ मा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई धम्कीपूर्ण सन्देश बोकेको अवस्थामा फेला परेको परेवालाई सीमा सुरक्षा अधिकारीहरूले नियन्त्रणमा लिएका थिए ।

सन् २०१० मा अर्को परेवाको खुट्टामा औंठी र पाकिस्तानी फोन नम्बर र ठेगाना रातो मसीले टाँसिएको अवस्थामा फेला परेपछि सशस्त्र पहरामा राखिएको थियो । त्यस मामिलामा अधिकारीहरूले कसैलाई पनि परेवालाई भेट्न नदिन निर्देशन दिएका थिए, जसलाई प्रहरीले 'जासुसीको विशेष मिसन' मा रहेको हुनसक्ने बताएको थियो । *रासस⁄एएफपी*

# चिलीको जंगलमा डढेलो : १० जनाको मृत्यु

**सान्टियागो (चिली)-** चिलीको मध्य भाल्पाराइसो क्षेत्रको जंगलमा लागेको डढेलोका कारण कम्तीमा १० जनाको मृत्यु भएपछि शुक्रबार उक्त क्षेत्रमा आपत्कालीन अवस्थाको घोषणा गरिएको छ ।

चिलीका त्यहाँका अधिकारीहरूले 'प्रारम्भिक' मृत्यु संख्या १० जनाभन्दा बढी भएको हुनसक्ने बताएपछि राष्ट्रपति गेब्रियल बोरिकले डढेलो नियन्त्रणका उपलब्ध गराउन 'विपत्तिका कारण आपत्कालीन अवस्था घोषणा' गर्ने घोषणा गरेका छन् ।

डढेलो भिना डेल मार र भाल्पाराइसो पर्यटकीय क्षेत्रमा लागेको छ । चिलीको राष्ट्रिय वन प्राधिकरण कोनाफका अनुसार भाल्पाराइसोमा मात्रै करिब ४८० हेक्टर जमिन डढेलोले जलाइसकेको छ ।

एल निनो मौसमी घटनाका कारण दक्षिण अमेरिकाको गर्ने ग्रीष्मकालीन गर्मी र खडेरीका कारण डढेलो लागेको हो । वैज्ञानिकहरूले तीव्र गर्मी र डढेलोजस्ता प्राकृतिक प्रकोपहरूको जोखिम बढेको भन्दै सावधानीका लागि जानकारी गराएका छन् ।

चिली र कोलम्बियाले बढ्दो तापक्रमसँग जुधिरहँदा आगामी दिनमा अर्जेन्टिना, पाराग्वे र ब्राजिलमा पनि गर्मी बढ्ने बताएका छन् । *रासस⁄एएफपी*


## वालिङ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
वालिङ, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल

## योजना कार्यान्वयनको लागि वोलपत्र आव्हानको सूचना

**(सूचना प्रकाशित मिति : २०८०/१०/२१ गते)**

नगर कार्यापालिकाको कार्यालयको चालु आर्थिक वर्ष २०८०/०८१ को लागी स्वीकृत बार्षिक कार्यक्रम अनुसार तपसिलमा उल्लेखित योजनाहरु कार्यान्वयनको लागी पूर्वाधार निर्माण गर्नुपर्ने भएकोले नेपाल सरकारवाट इजाजतप्राप्त इच्छुक निर्माण व्यवसायीहरु वा कम्पनीवाट निम्न शर्तहरुको अधिनमा रहि रितपूर्वक बोलपत्र आव्हान गरिएको छ ।

**शर्तहरु :**

१) बोलपत्र फाराम खरीद गर्न इच्छुक फर्म/कम्पनी/निर्माण व्यवसायीले अधिकार प्राप्त व्यक्तिले दस्तखत गरेको लिखित निवेदन, चालु आ.व. २०८०/०८१ को लागी नविकरण भएको फर्म वा कम्पनीको प्रमाणपत्र, व्यवसाय इजाजतपत्र, स्थायी लेखा दर्ता नं. एवं आयकर तथा मु.अ.कर दर्ता प्रमाणपत्र (भ्याट), साथै आ.व. २०७९/०८० को कर चुक्ता वा म्याद थप वा अन्य कुनै कागजात भए सो समेतको प्रमाणित प्रतिलिपिको साथ तल उल्लेखित नगद रकम (पछि फिर्ता नहुने) नेपाल बैक लिमिटेड वालिङ शाखामा रहेको ग–१.१ आन्तरीक राजश्व खाता ०८३०३०००००१००१००००१ मा (कार्यालय कोड ८०१०४४३०५) जम्मा गरेको बैक भौचर संलग्न राखी सार्वजनिक खरिद अनुगमनको कार्यालय www.ppmo.gov.np (विद्युतीय माध्यम) द्वारा मात्र बोलपत्र खरिद तथा दर्ता गर्न सकिनेछ ।

२) बोलपत्र सम्वन्धि कागजात दाखिला गर्दा बोलपत्र पुस्तिकामा उल्लेख भए वमोजिमका कुराहरु खुलेको प्रमाणपत्र बोलपत्र साथ अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

३) बोलपत्र पुस्तिका तथा सूचनामा उल्लेखित मूल्यांकनका आधारहरु पुरा नगर्ने बोलपत्रदाताहरुको बोलपत्र स्वीकृत गरिने छैंन ।

४) बोलपत्र फारम भर्दा अंक अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्याता दिईनेछ । साथै, केरमेट भएको ठाउमा सहीछाप हुनु पर्नेछ ।

५) बोलपत्र जमानत रकम नेपाल बैक लिमिटेड शाखा वालिङमा रहेको यस कार्यालयको धरौटी खाता नं. ०८३०३००००३००००००००१ मा नगद जम्मा गरेको सक्कल बैक भौचर वावाणिज्य बैक वा वित्तिय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको बोलपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तिमा ९० दिन सम्म म्याद भएको जमानत (Bid security) समावेश भएको हुनु पर्नेछ । अन्यथा बोलपत्र अयोग्य मानिने छ ।

६) बोलपत्र दर्ता गर्ने फर्महरुले बोलपत्र पुस्तिकामा संलग्न गरिएको स्पेशिफिकेसन तथा अन्य ब्यहोरा प्रस्ट रुपमा पढि, सहि छाप गरि पेश गर्नु पर्नेछ । बोलपत्र जुन फर्मको नामवाट खरीद भएको हो सोही फर्मको नामवाट दर्ता गराउनु पर्ने र बोलपत्रदाताको ग्राहयता (Eligibility) प्रमाणित गर्ने कागजातहरु बोलपत्रसाथ संलग्न हुन पर्नेछ ।

७) कुनै पनि कारण जनाइ वा नजनाइ बोलपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने वा अस्वीकृत गर्ने वा र रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

८) बोलपत्र फाराम र यस सूचनामा लेखिएका कुराहरुको हकमा यसै अनुसार र यसमा उल्लेख नभएका व्यहोराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ संशोधन र सार्वजनिक खरिद नियमावली २०६४, संशोधन समेत हुनेछ ।

९) बोलपत्र फाराम खरिद/दर्ता गर्ने समयः

| | | |
|---|---|---|
| **बोलपत्र फारम खरिद गर्ने अन्तिम मिति :** २०८०/११/२२ गते १२.०० वजे भित्र । | **बोलपत्र दर्ता गर्ने अन्तिम मिति :** २०८०/११/२२ गते, **समय :** १२.०० वजे भित्र । | **बोलपत्र खोल्ने मिति :** २०८०/११/२२ गते र **समय :** २.०० वजे । |

१०) निर्माण कार्यको विवरण

| सि. नं. | ठेक्का नं. | योजनाको नाम | लागत अनुमान (भ्याट समेत) रु. | जमानत रकम रु. | बोलपत्र फारम दस्तुर (रु.) |
|---|---|---|---|---|---|
| १. | ८/२०८०/२०८१ | नयाबजार आसपास, राधेराधे चोक देखी केदारनाथ मन्दिर जोडने सडक, कटोजे नमुना टोल देखी जैसीपधेरा, भ्रमेचोक देखी भाटी, सडक विभाग चोक देखी पूर्णामृत मा.वि., कभर्डहल हुदै वर्तुङ र वालिङ अस्पताल देखी इलाका वन कार्यालय सम्मको सडक मर्मत कार्य वालिङ ८, ९ र १० । | १२९८७५४९।० | ३५७१५८।० | ३०००।० |

**प्रमुख प्रशासकीय अधिकृत**



## साउदीमा वैदेशिक रोजगारको अवसर

**कम्पनी :** DURRAT AL TASMEEM FACTORY FOR CEMENT PRODUCTS
**पूर्व स्वीकृति मिति:** २०८०/१०/१८ LT. No.299247 **चलानी नं.** ६०२१४१८४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 3 | 0 | 1100 | ३८,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ २८ गते (11th Feb. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**G.R. INTERNATIONAL EMPLOYMENT PVT. LTD.**
श्रम ईजाजत नं. १०१५/०६८/६९
Samakhusi-29, Kathmandu, Bagmati Tel : +977-1-4989945
Mobile No: 9841866145, E-mail: gremploymentnepal@gmail.com


लागि आवश्यक सबै स्रोत साधन दक्षिणी भागलाई प्रभावित


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ११९५०० | प्रति तोला – ११८९५० | प्रति तोला – १४१५ |



प्रधानमन्त्रीको निरीक्षण | प्रधानमन्त्री पुष्पकमल दाहाल शनिबार उदयपुर सिमेन्ट कारखानाको निरीक्षण गर्दै । *तस्बिरः रत्न श्रेष्ठ/रासस*

# ‘रोजगारी सिर्जना र उत्पादन वृद्धि सरकारको प्राथमिकतामा’

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहालले कृषि क्षेत्रको विकासबाट उत्पादन वृद्धि र रोजगारी सिर्जनामा वर्तमान सरकार केन्द्रित भएको बताएका छन् । सिन्धुलीको दुधौली नगरपालिकाको सिर्थौलीमा शनिबार दुधौली नगर अस्पतालको समुद्घाटन गर्दै उनले कृषिमा आधारित उद्योगको विकासमा विशेष जोड दिइएको बताए ।

स्वदेशमै रोजगारी सिर्जना गर्ने उद्देश्यले सरकारले रुग्ण उद्योग सञ्चालन गर्न लागेको जानकारी दिँदै उनले त्यस्ता उद्योग सञ्चालनका लागि सम्बिन्धत मन्त्रालय र विभागलाई निर्देशन दिएको बताए । भारत र चीन भ्रमणका क्रममा प्रधानमन्त्रीका रूपमा आफूले कृषिको यान्त्रिकीकरण र कृषि क्षेत्रको उत्पादकत्व वृद्धि गर्न पहल गरेको बताए । नेपालको कृषिको विकासका लागि छिमेकी मुलुकबाट पनि प्रतिबद्धता व्यक्त भएको उनको भनाइ छ ।

वर्तमान सरकार सुशासन, सामाजिक न्याय र समृद्धिको स्पष्ट दृष्टिकोणसहित अघि बढेको उल्लेख गर्दै प्रधामन्त्री दाहालले सरकारबाट थालनी भएका जनपक्षीय कामबाट जनतामा सरकारप्रति आशा र भरोसा बढेको बताए । ‘सरकारले स्वास्थ्य र शिक्षालाई विशेष प्राथमिकता दिएको छ, सुशासनको पक्षमा सरकारले महत्वपूर्ण कदम चालेको छ’, उनले भने, ‘जनताले पाइरहेको सास्तीलाई मध्यनजगर गर्दै सेवा प्रवाहलाई सहज बनाइएको छ ।’



प्रधानमन्त्रीका रूपमा आफूले द्विपक्षीय र बहुपक्षीय मञ्चमा नेपालका तर्फबाट जलवायु परिवर्तनका असरका मुद्दालाई प्रमुखताका साथ उठान गरेको जानकारी दिँदै उनले नेपालजस्ता पर्वतीय मुलुकका समस्या समाधान गर्न अन्तर्राष्ट्रिय समुदायलाई अपिल गरेको बताए ।

मुलुकको अर्थतन्त्रलाई सही स्थानमा ल्याउन महत्वपूर्ण निर्णय लिइएको जानकारी दिँदै प्रधानमन्त्री दाहालले पछिल्लो समय अर्थतन्त्र सही अवस्थामा फर्किएको स्पष्ट पारे । ‘अर्थतन्त्रका सूचक धेरै उत्साहजनक रहेका छन्, विदेशी मुद्राको सञ्चिती तथा पर्यटकको आगमन वृद्धि भएको छ’, उनले भने, ‘यसले अर्थतन्त्रलाई सही बाटोमा ल्याउन मद्दत गरेको छ, पछिल्लो समय राजस्व पनि वृद्धि भएको छ ।’

प्रधानमन्त्री दाहालले दुधौली नगर अस्पताललाई आवश्यकपर्ने उपकरण, दक्ष जनशक्ति र कर्मचारीको व्यवस्था गर्न पहल गर्ने प्रतिबद्धता व्यक्त गरे । यस क्षेत्रमा विषालु सर्पको टोकाइबाट धेरैको ज्यान जाने गरेको जानकारी आफूले प्राप्त गरेको उल्लेख गर्दै उनले दुधौली अस्पतालमा सर्पदंश उपचारको व्यवस्था गरिने बताए । गरिब, दलित, उत्पीडित जनताको हकहित संरक्षणबाट मात्रै गणतन्त्र संस्थागत हुने भएकाले तल्लोतहका जनताको हकहित रक्षामा लाग्नुपर्नेमा जोड दिँदै उनले संघीय लोकतान्त्रिक गणतन्त्रणको विकल्प सुदृढ र समुन्नत गणतन्त्र नै भएको त्यसको अर्को विकल्प हुनै सक्दैन भने ।

कार्यक्रममा बागमती प्रदेशमा मुख्यमन्त्री शालिग्राम जम्कट्टेलले नगर अस्पतालको विकासमा प्रदेश सरकारकोतर्फबाट उचित सहयोग रहने बताए । सो अवसरमा प्रधानमन्त्री दाहालले १५ शय्याको दुधौली नगर अस्पतालको उद्घाटन गरेका थिए । करिब रु १८ करोडको लागतमा निर्मित उक्त अस्पतालले दैनिक एक सय ५० बढी बिरामीलाई विभिन्न प्रकारका स्वास्थ्य सेवा उपलब्ध गराउनेछ ।

# निर्माण व्यवसायी समृद्धिको सम्बाहक : अध्यक्ष सिंह

**मनहरि (प्रस)–** नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंहले देशको समृद्धिको संवाहक निर्माण व्यवसायी रहेको बताएका छन् । हेटौंडामा शनिबार निर्माण व्यवसायी संघ मकवानपुरको २४औं वार्षिकसभामा उनले देशको समग्र भौतिक संरचना निर्माण व्यवसायीको महत्वपूर्ण भूमिका रहने भएकाले राज्यले व्यवसायीलाई सहज ढङ्गले काम गर्ने वातावरण बनाइदिनुपर्ने बताए । उनले सार्वजनिक खरिद ऐन र नियमावली पूर्वाधार र व्यवसायीमैत्री नभएको बताउँदै उक्त ऐन संशोधनको आवश्यकता रहेको उल्लेख गरे । उनले महासंघ अब साना व्यवसायीलाई पनि साथमा लिएर अघि बढ्ने प्रतिबद्धता व्यक्त गरे ।

उपभोक्ता समितिमार्फत काम गर्दा ध्यान दिन व्यवसायीलाई आग्रह गर्दै स्रोत सुनिश्चितता नभएका काम योजनामात्रै राख्न आग्रह गरे । ‘स्रोत सुनिश्चिता नभएका योजनाले गर्दा हामी समस्यामा बढी परेका छौँ । त्यसतर्फ तीन तहकै सरकारले ध्यान दिनुपर्छ’, अध्यक्ष सिंहले भने ।

उनले देशभर २४ हजार निर्माण व्यवसायी रहेको र आठ-दश हजारले कम बजेटका आयोजना मात्रै ठेक्का लिने र काम नगर्ने गरेकाले निर्माण व्यवसायी बदनाम हुनु परेको समेत उल्लेख गरे । सरकारसँग चरणबद्ध आन्दोलन गरेर म्याद थपका विषयमा सहमति जनाए पनि सरकारको निर्देशन कर्मचारीले नमान्दा पनि निर्माण व्यवसायी समस्यामा परेको उनको भनाइ थियो ।

निर्माण व्यवसायी संघ मकवानपुर संघका अध्यक्ष बालगोपाल कँडेलको अध्यक्षतामा सम्पन्न सभामा नेपाल निर्माण व्यवसायी महासंघका केन्द्रीय वरिष्ठ उपाध्यक्ष इन्जिनियर आङदोर्जे लामा, महासचिव रोशन दाहाल, बागमती प्रदेश अध्यक्ष सुमित श्रेष्ठलगायतको सहभागी थिए ।

# ६ महिनामा ५ करोड राजस्व

**महोत्तरी (प्रस) –** नेपाल विद्युत् प्राधिकरण गौशाला वितरण केन्द्र (महोत्तरी) ले छ महिनामा रु पाँच करोड बढी राजस्व संकलन गरेको छ । चालु आर्थिक वर्ष २०८०/८१ को छ महिनाको अवधिमा उक्त केन्द्रले रु पाँच करोड २३ लाख २२ हजार सात सय ६८ राजस्व संकलन गरेको हो । उक्त अवधिमा केन्द्रले विद्युत् चुहावट रोक्न अनुगमन बढाएको जनाइएको छ । विद्युत् चोरी जरिवाना, पुनःलाइन जडान र नयाँ ग्राहकबाट उक्त रकम संकलन भएको हो ।

छ महिनामा दुई सय ९७ विद्युत् चुहावटका घटना फेला परेर कारबाही गरिएको कार्यालयले जनाएको छ । यो कारबाहीबाट रु २७ लाख ८४ हजार एक सय ७७ राजस्व संकलन भएको कार्यालय प्रमुख जगन्नाथ झाले जानकारी दिए । सोही अवधिमा समयमा विद्युत् महसुल नबुझाएर लाइन काटिएका चार सय ८८ सेवाग्राहीको लाइन पुनःजोडिदा रु तीन करोड ८१ लाख १२ हजार आठ सय ७६ राजस्व संकलन भएको छ ।

# भ्यालेन्टाइनमा ‘सौराहा फुड फेस्टिबल’

**चितवन (प्रस)–** रेस्टुरेण्ट एण्ड बार एशोसिशन नेपाल (रेवान) को आयोजनामा यही माघ २८ गतेदेखि सौराहा फुड फेस्टिबलको आयोजना गरिँदै छ । प्रणय दिवसको अवसरमा पर्यटकीय नगरी सौराहामा ‘१८औँ सौराहा फुड फेस्टिबल’ आयोजना गर्न लागिएको हो ।

सौराहासहित चितवनको पर्यटन प्रवर्द्धन तथा विकासका लागि प्रणय दिवसको अवसर पारेर फेस्टिबल आयोजना गर्न लागिएको रेवानका अध्यक्ष ध्रुव गिरीले जानकारी दिए । उनका अनुसार फेस्टिबल आगामी फागुन ३ गतेसम्म सञ्चालन हुनेछ । खाना, सङ्गीत र संस्कृतिलाई सँगसँगै अगाडि बढाएर फेस्टिबललाई विशेष बनाउने तयारी गरिएको गिरीले बताए । उनले भने, ‘सौराहा फुड फेस्टिबलको आफ्नै गौरवमय इतिहास छ । हरेक वर्ष प्रणय दिवसको अवसरमा फेस्टिबल आयोजना गरिँदै आइएको छ ।’

फेस्टिबलमा सञ्चालन हुने पर्यटन प्रवद्धनात्मक गतिविधिले कालन्तरसम्म पर्यटक भित्र्याउन टेवा पुग्ने रेवानका अध्यक्ष गिरीको भनाइ छ । पत्रकार सम्मेलनको आयोजना गरी रेवानले फेस्टिबलको बारेमा जानकारी दिएको हो । विभिन्न खालका विषम परिस्थितिमा पनि फेस्टिबललाई निरन्तरता दिँदै आइरहेको अध्यक्ष गिरीले बताए । उनका अनुसार कोराना महामारीपछि सौराहासहित चितवनको पर्यटन पुरानै अवस्थामा फर्किने क्रममा रहेको छ ।

सौराहाको पर्यटनलाई पुरानै अवस्थामा फर्काउने गरी फेस्टिबलका गतिविधिलाई अगाडि बढाइने फेस्टिबका संयोजक सूर्यबहादुर रिमालले पत्रकार सम्मेलनमा जानकारी दिए । समग्र सौराहाको पर्यटन विकास गर्ने, विभिन्न जातजातिका परम्परागत तथा स्थानीय, स्वदेशी, विदेशी खानाको प्रवर्द्धन गर्ने, स्थानीय कलासंस्कृति, भेषभूषाको जगेर्ना गर्दै पर्यटकीय गन्तव्यका रूपमा सौराहालाई राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा पहिचान गराउने, उज्यालो सौराहालाई निरन्तरता दिइने, प्रवेश टिकटबाट भएको आम्दानीले पर्यटन मार्गको सौन्दर्यकरण गर्ने उद्देश्यले फेस्टिबल आयोजना गरिएको उनले बताए ।

# दक्ष जनशक्तिको अभावले चियाखेती अलपत्र

■ प्रभाव संवाददाता

**पर्वत–** दक्ष जनशक्तिको अभावमा जिल्लाको महाशिला गाउँपालिका-६ फलामखानीमा लगाइएको चियाखेती अलपत्र बनेको छ ।

साविक धौलागिरि अञ्चलमा नै पहिलो पटक सुरु गरिएको व्यावसायिक चियाखेतीबाट वार्षिकरूपमा लाखौँको आम्दानी गर्न सकिने भए पनि प्राविधिक तथा तालिम प्राप्त जनशक्ति नहुँदा अलपत्र जस्तै बनेको हो । झन्डै डेढ दशकअघि लगाइएको चियाखेतीबाट पहिला पटक दुई वर्षअघि १० किलोग्राम जैविक चिया उत्पादन गरिएको भए पनि चियाको मुना टिप्ने र प्रशोधन गर्ने जनशक्ति नभएपछि पुनःअलपत्र जस्तै बनेको वडा नं ६ फलामखानीका वडाध्यक्ष गोविन्दबहादुर विकले जानकारी दिए ।

यहाँ १४ हजारभन्दा बढी चियाका बोट रहेका छन् । विसं २०६७ मा तत्कालीन जिल्ला विकास समितिको सहयोगमा सुरु गरिएको चियाखेती लामो समय संरक्षणको अभावमा गौचरनमा परिणत भएको थियो । उतिबेला २० हजार बिरुवा लगाइएकामा संरक्षणको अभावमा झण्डै १० हजार मात्रै कायम रहेका थिए । दुई वर्षअघि थप चार हजार गरी १४ हजारभन्दा बढी बोट उत्पादनका लागि तयार भए पनि मुना टिप्न र प्रशोधन गर्न जनशक्ति नुहँदा अलपत्र बनेको विकले बताए ।

गाउँपालिकाले आगामी वर्ष थप ४० हजार बिरुवा रोप्नेगरी नर्सरीसमेत तयार गरेको अध्यक्ष विकले बताए । चार वर्षअघिदेखि गाउँपालिकाको पहलमा गोडमेल तथा संरक्षण गर्न थाले पनि उत्पादन गरेर आम्दानी गर्न भने नसकिएको विकले बताए । साविक फलामखानी गाविसको वडा नं ४, ५, ७, ८ र ९ का दलित समुदायको आयआर्जनमा वृद्धि गर्ने उद्देश्यले चियाखेती सुरु गरिएको थियो ।

इलामको जस्तै हावापानी भएकाले यहाँ चियाखेतीको सम्भावना रहेको छ । इलामको जस्तै व्यावसायिक चियाखेती विस्तार गर्ने उद्देश्यले योजना सुरु गरिए पनि स्थानीयले भने कुनै चासो नदेखाएपछि समस्या भएको थियो । करिब १८ सय मिटरको उचाइमा रहेको साविक फलामखानी गाविसलाई चियाखेतीको पकेट क्षेत्र बनाउने गरी तत्कालीन समयमा २० हजार चियाका बिरुवा रोपिएको थियो ।

नगदेबालीका रूपमा चिया खेतीलाई प्रवर्द्धन गर्नकै लागि पहिलो चरणमा तत्कालीन जिविसले ६० रोपनी क्षेत्रफलमा चियाखेतीको सुरुआत गरेको थियो । साविकको गाविस-४ र ५ नं वडामा लगाएका बिरुवा स्थानीयले संरक्षण नगर्दा नष्ट भए पनि वडा नं ७, ८ र ९ मा भने बिरुवा जिवितै रहेका थिए । अहिले स्थानीय समुदाय चियाखेतीतर्फ आकर्षित हुन थालेका छन् । आगामी वर्ष थप ४० हजार बिरुवा रोपेपछि यसलाई व्यावसायिकरूपमा उत्पादन तथा प्रशोधनसमेत गरिने गाउँपालिकाका अध्यक्ष ईश्वरीप्रसाद भुसालले बताए ।

# सुन्तला बेचेर एकै वर्षमा करोडौं आम्दानी

**गलकोट (बागलुङ)–** बागलुङको सुन्तला गाउँका रूपमा परिचित सिगानाका किसानले यसवर्ष सुन्तला बिक्री गरेर रु तीन करोड भित्र्याएका छन् । गतवर्ष भन्दा यस वर्ष सिगानामा सुन्तला उत्पादनमा वृद्धि भएको किसानको भनाइ थियो । यस वर्ष उनीहरूले गत वर्षकै मूल्यमा बगैँचा नै व्यापारीलाई बिक्री गरेका थिए । बोटबाटै सुन्तला बिक्री गर्दा सरदर मूल्य प्रतिकेजी रु ५० पर्न गएको छ ।

यस वर्ष उत्पादित यहाँको सुन्तला ९० प्रतिशत बजार पुगिसकेको छ । गणेश कृषि व्यावसायिक सहकारीमार्फत सुन्तलाको बजारीकरण समेत हुँदै आएको छ । बागलुङ नगरपालिका-८ सिगानाका किसानले सुन्तला बिक्रीबाट रु तीन करोड भित्राउन सफल भएका हुन् । सहकारीले संकलन गरेको तथ्यांकअनुसार गत वर्ष सुन्तला बिक्रीबाट रु दुई करोड ७५ लाख भित्र्याइएको थियो । यस वर्ष रु तीन करोड ५० लाखको सुन्तला बिक्री गर्ने लक्ष्य रहेपनि मूल्य वृद्धि नहुँदा करिब तीन करोडको मात्रै बिक्री भएको किसानले बताएका छन् ।

अहिले सहकारीले सुन्तला बिक्रीको तथ्यांक संकलन गरिरहेको सहकारीका सल्लाहकार एवं अगुवा सुन्तला किसान शिवकुमार खड्काले बताए । ‘गत वर्ष तीन करोडको अनुमान गरिएकामा सबै तथ्यांक रु दुई करोड ७५ लाख गाउँ भित्रिएको पाइयो’, उनले भने, ‘अहिले गत वर्ष भन्दा केही बढी आम्दानी भएको छ ।’ सिगाना गाउँको साविक ३, ४, ५ र ७ वडामा सुन्तला राम्रो उत्पादन हुने खड्काले जानकारी दिए । ‘सहकारीमा मात्रै आबद्ध एक सय ५० किसान सुन्तला खेतीमा छन्’, उनले भने, ‘सहकारीमार्फत ४० हजार नयाँ बिरुवा अनुदानमा वितरण गरिरहेको थियो । अबको पाँच वर्षमा रु पाँच करोडको सुन्तला बिक्री गर्ने लक्ष्य रहेको छ ।’ आठ रोपनी जग्गामा व्यावसायिक सुन्तलाखेती गरेका अनन्तबहादुर खड्काले यस वर्ष पाँच लाख ५० हजारमा सुन्तला बगान पोखराका व्यापारीलाई बिक्री गरेको बताए । उनले यस वर्ष सुन्तलाको उत्पादन बढेपनि मुल्य भने पोहरकै भएकाले आम्दानी पनि उस्तै भएको बताए ।

सिगानाका किसानले न्यूनतम २५ हजारदेखि अधिकतम पाँच लाखसम्म सुन्तलाको बिक्री गर्दै आएका छन् । खड्काका अनुसार पोखरा, चितवन, नारायणगढ र धादिङका व्यापारीले यहाँका सुन्तला बोटबाटै टिपेर लैजाने गरेका छन् । बगैँचा विस्तार र मलजलको उचित व्यवस्था भए सुन्तालाको उत्पादन राम्रो हुने उनको भनाइ थियो ।

यसवर्ष सुन्तलाको दाना राम्रो फलेको भन्दै किसान रामबहादुर खड्काले अधिकांश किसानले बोट नै ठेक्कामा दिएका बताए । उनका अनुसार नयाँ सुन्तला बगैँचा बढिरहेकाले यहाँका किसानले वार्षिक ५० लाखका दरले उत्पादनमा वृद्धि गर्ने लक्ष्य लिएका छन् । सिगानामा १२ हजारभन्दा बढी सुन्तलाको बोटले उत्पादन दिइराखेका छन् भने ४० हजारभन्दा बढी नयाँ बिरुवा हुर्किरहेका छन् ।

सुन्तला जोन क्षेत्रमा समेटिएको सिगानामा छ वर्ष अघिदेखि व्यावसायिक सुन्तला खेती वृद्धिका लागि अन्य रुख फडानी गर्ने अभियान वडा कार्यालयले चलाएको थियो । अहिले प्रतिकिलो होलसेल मूल्य रु ५० देखि ६० का दरले बिक्री भइरहेको छ । सिगानाको बेसी, वडा कार्यालय क्षेत्र, बाँस्कोटलगायत स्थानमा अधिकांश जमिन सुन्तला खेतीले ढाकेको छ । सिगानासँगै बागलुङको बिहुँ, तित्याङ, भकुण्डे, लेखानी, सर्कुवा र दमेकलगायत स्थान सुन्तला खेतीका लागि उर्बर मानिन्छन् ।

जिल्लामा करिब पाँच हजार हेक्टरभन्दा बढी क्षेत्रफलमा सुन्तला खेती हुँदै आएको कृषि ज्ञान केन्द्र बागलुङका बागबानी विकास अधिकृत कुमार पुनले जानकारी दिए । उनका अनुसार समग्र जिल्लामा यस वर्ष रु २० करोडको सुन्तला उत्पादन भएको छ । *रासस*

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रणः** एक्प्रेस कलर प्रेस, **कार्यालयः** काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागिः** marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशकः** कृष्णबहादुर कार्की, **सम्पादकः** विष्णु तामाङ